# आर्थिक ऐन, २०८०

**प्रस्तावनाः** देवदह नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर,शुल्क,दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम देवदह नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐन को नाम **"आर्थिक ऐन, २०८०** रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भएपछि २०८० साल साउन १ गतेदेखि लागू हुनेछ।

(३) नगर क्षेत्र भन्नाले देवदह नगरपालिकाको भौगोलिक क्षेत्र भन्ने बुझिन्छ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमाः

**(१) ऐनः** ऐन भन्नाले यस देवदह नगरपालिकाको **"आर्थिक ऐन, २०८०"** लाई सम्झनुपर्दछ ।

**(२) नगरपालिका :** नगरपालिका भन्नाले देवदह नगरपालिका, रुपन्देहीलाई सम्झनुपर्दछ ।

**(३) सम्पति कर :** सम्पत्ति कर भन्नाले देवदह नगरपालिकाका क्षेत्रभित्र बनेका घर र त्यसले चर्चेको जग्गाको दोब्बर क्षेत्रफलको मुल्याङ्कनको आधारमा लागाइने करलाई सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (१) बमोजिम सम्पत्ति लगाइने र असूल उपर गरिनेछ ।

(क) उपदफा ३ को प्रयोजनका लागि घर भन्नाले घर, गोदाम, हल, टहरा, सेड वा यस्तै संरचना सम्झनुपर्दछ।

**(४) भूमि कर (मालपोत):** भूमि कर भन्नाले सम्पत्तिमा कर लाग्ने बाहेकको अन्य जग्गामा लाग्ने कर लाई सम्झनुपर्दछ
र यो कर ऐनको अनुसूचि (२) बमोजिम लगाइने र असूल उपर गरिनेछ ।

**(५) घर वहाल करः** घर बहाल कर भन्नाले नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएको र त्यसबाट प्राप्त आयमा १० प्रतिशतका दरले लाग्ने कर सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (३) बमोजिम लगाइने र असूल उपर गरिनेछ ।

**(६) व्यवसाय करः** व्यवसाय कर भन्नाले नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवार गरेको आधारमा नगरपालिकालाई बुझाउनुपर्ने कर लाई सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**(७) जडिबुटी, कवाडी र जीवजन्तु करः** जडिबुटी, कवाडी र जीवजन्तु कर भन्नाले नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत लगाइने करलाई सम्झनुपर्दछ र यो कर अनुसूचि (५) बमोजिम लगाइने र असूल उपर गरिनेछ ।

**(८) सवारी साधन करः** सवारी साधन कर भन्नाले नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा लगाइने कर सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (६) बमोजिम लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**(९) विज्ञापन करः** विज्ञापन कर भन्नाले नगरपालिका क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि विज्ञापन गर्ने उद्देश्यले जडान भएका होडिङ्ग बोर्ड, ग्लो साइनबोर्ड, भित्ते लेखन र व्यानर राखे वापत लाग्ने कर सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (७) बमोजिम लगाइने र असूल उपर गरिनेछ ।

**(१०) मनोरन्जन करः** मनोरन्जन कर भन्नाले नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन जन्य व्यवसायमा लगाइने कर सम्झनुपर्दछ र यो कर ऐनको अनुसूचि (८) बमोजिम लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**(११) बहाल बिटौरी :** देहाय बमोजिम बहाल बिटौरी शुल्क लगाईनेछ ।

(१) नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार पसलमा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी कर लगाइनेछ ।

(२) अव्यवस्थित, भूमीहिन र सुकुम्बासी बसोबास भएका स्थानमा घरले चर्चेको जग्गाको दोब्बर सम्मको जग्गा र सो जग्गामा निर्माण भएको घरमा अव्यवस्थित बसोबास व्यवस्थापन वापत बहाल बिटौरी शुल्क लगाईनेछ र सो कर अनुसूची १(ख) र अनुसूची २(ख)को मूल्याङ्कनको आधारमा १(क)को दरमा भएको व्यवस्था अनुसार बहाल बिटौरी कर लगाईने र असुल उपर गरिनेछ ।

(३) उपदफा २ अनुसारको जग्गामा बनेको संरचनाको मूल्याङ्कन गर्दा अनुसूची १(क) को मूल्याङ्कन अंकको ८०% (असी प्रतिशत)ले हुन आउने मूल्य कायम गरी कर लगाइने र असुल गरिनेछ ।

(४) त्यसैगरि उपदफा (२) बाहेकको अव्यवस्थित, भूमीहिन र सुकुम्बासीले जोतभोग गर्दै आएको अन्य जग्गामा अव्यवस्थित बसोबास व्यवस्थापन वापत अनुसूची २(ख)को आधारमा शुल्क लगाईनेछ र असुल गरिनेछ ।

**(१२) पार्किङ शुल्कः** पार्किङ शुल्क भन्नाले नगरपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तिर्नुपर्ने शुल्क सम्झनुपर्दछ र यो शुल्क अनुसूची (१०) बमोजिम लगाइने र असूल गरिनेछ।

**(१३) ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क भन्नाले नगरपालिकाको क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत बमोजिमको शुल्क सम्झनुपर्दछ र यो कर ऐनको अनुसूची (११) लगाइने र असुल गरिनेछ ।

**(१४) सेवा शुल्क, प्राकृतिक स्रोत व्यवस्थापन शुल्क तथा दस्तुरः** नगरपालिकाकाले दिने सिफारिस वा सेवामा लाग्ने दस्तूर एवं शुल्क, नक्सापास सम्बन्धि दस्तुर, नदीजन्य पदार्थ उत्खनन्, व्यवस्थापन एवं नियमन वापतको राजस्व निर्माण, लगायतका विविध क्षेत्रमा अनुसूची (१२) मा उल्लेखित दरमा र फोहरमैला व्यवस्थापन शुल्क वापत अनुसूची (१३) मा उल्लेखित दरमा दस्तूर एवं शुल्क लगाईनेछ ।

**(१५) पर्यटन शुल्कः** पर्यटन शुल्क भन्नाले नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट लिइने शुल्क सम्झनुपर्दछ र सो शुल्क अनुसूची (१४) बमोजिम लगाइने र असुल गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

## ३. कर छुट दिन सकिनेः

१) यस ऐन बमोजिम सम्पत्ति कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ ।

क) आ.व.०८०।०८१ मा बुझाउनु पर्ने सम्पत्ति कर, भूमीकर तथा अव्यवस्थित बसोबास व्यवस्थापन वापत बहाल बिटौरी शुल्क ०८० आश्विन मसान्त भित्र बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम र ०८० पौष मसान्त भित्र बुझाएमा ५% ले हुने रकम छुट दिईनेछ ।

ख) एकल महिलाको नाममा रहेको सम्पत्तिमा र निजले संचालन गरेको व्यवसायमा लाग्ने वार्षिक कर रकममा पन्ध्र प्रतिशत छुट दिईनेछ ।

ग) कम्तिमा तीस जना नेपाली नागरिकलाई रोजगारी दिने उत्पादनमुलक चालु उद्योगको नाममा रहेको सम्पत्तिमा लाग्ने करमा पन्ध्र प्रतिशत छुट दिईनेछ ।

२) यस ऐन बमोजिम व्यवसाय कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ ।

**क) नविकरण गर्दाका बखत मात्र छुट पाउने**

अ) आ.व.०८०।०८१ को व्यवसाय कर ०८० आश्विन मसान्त भित्रै बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम र ०८१ पौष मसान्त भित्र बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिन सकिनेछ ।

**ख) दर्ता वा नविकरण गर्दाका बखत छुट पाउने**

अ) कृषि उपज उत्पादन तथा पशुपंछीपालन व्यवसायमा लाग्ने व्यवसाय करको १५% ले हुने रकम छुट दिईनेछ।

आ) महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय करमा २५% छुट दिईनेछ ।

इ) वातावरण प्रदुषण कम गर्ने प्लाण्ट जडान गरि वातावरण प्रदुषण कम गर्ने उद्योग र आफ्नो उत्पादन प्लाष्टिकको सट्टामा कपडा वा कागजमा प्याकिङ्ग गर्ने उद्योगलाई लाग्ने व्यवसाय करमा ५०% ले हुने रकम छुट दिईनेछ ।

ई) नेपालीलाई मात्र रोजगार दिई कम्तिमा पाँच सय पर्यटक (आन्तरिक र बाह्य) होटल व्यवसायीको व्यवसाय करमा २५% छुट दिईनेछ ।

उ) "ख" र "ग" वर्गका अपाङ्गता भएका व्यक्तिले संचालन गरेका उद्योग व्यवसायमा लाग्ने व्यवसाय करमा सत प्रतिशत छुट दिइने छ ।

ऊ) अपाङ्गता भएका व्यक्ति वा महिला स्यमंले ठेला, रिक्सा, ई—रिक्सा तथा टेम्पो सञ्चालन सम्बन्धी व्यवसाय गरेको भए त्यस्ता साधन दर्ता, नविकरण वा नामसारी गर्दा लाग्ने दस्तूरमा २०% छुट दिईनेछ । तर त्यस्ता व्यक्तिको नाममा दर्ता गरि अन्य व्यक्तिले सञ्चालन गरेको भएमा यो छुट दिईनेछैन ।

३) यस ऐन बमोजिम घरबहाल कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले एकमुष्ठ वार्षिक कर अग्रिम रुपमा ०८० आश्विन भित्र बुझाएमा जम्मा कर रकमको १०% ले हुने रकम छुट दिइनेछ ।

४) नगरपालिकामा दर्ता हुने कृषि प्रयोजनका लागि निर्माण हुने भवन र सामुदायिक विद्यालयको भवनको नक्सापास गर्दा लाग्ने नक्सापास दस्तूरको शत प्रतिशत छुट दिन सकिनेछ ।

५) नगरपालिकामा स्थापना हुने तरकारी तथा फलफुल र पशुपंछि बजारको लागि आवश्यक पर्ने ट्रस निर्माण गर्दा लाग्ने नक्सापास दस्तूरको पचास (५०) प्रतिशत छुट दिन सकिनेछ ।

६) सरकारले तोकेको समर्थन मुल्यमा कृषि उपज खरिद गरि भण्डारण गर्ने सहकारीलाई भण्डार घर निर्माण गर्दा लाग्ने नक्सापास दस्तूरको शत प्रतिशत छुट दिन सकिनेछ ।

७) यस ऐन बमोजिमको कुनै राजस्व बोलपत्रको माध्यमबाट संकलन गर्दा बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ठ रुपमा अग्रिम दाखिला गरेमा १०% सम्म छुट दिन सकिनेछ । यस्तो छुट पश्चात कायम हुने कबोल रकम उक्त ठेक्काको न्युनतम अंक भन्दा घटी हुन गरि दिईनेछैन । त्यसै गरि स्थानीय तह र प्रदेशको अधिकारमा रहेका (विभाज्य कोषमा राजस्व दाखिला हुने) आय शीर्षकबाट बोलपत्रका माध्ययमबाट राजस्व संकलन गर्दा यस्तो छुट दिईनेछैन ।

नोटः उल्लेखित दफा ३ बमोजिमको सहुलियतका लिनका लागि यसको पुष्टि गर्ने प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**४. बक्यौतामा हर्जाना लाग्नेः**

१) हरेक चालु आ.व.को कर चालु आ.व. भित्रै बुझाउनु करदाताको कर्तव्य हुनेछ ।

२) आ.व.०८०/०८१ भन्दा अगाडिका आ.व.मा तत्कालिन आर्थिक ऐन बमोजिम यस नगरपालिकालाई कर तिर्ने दायित्व भएका करदाताले चालु. आ.व. ०८०/०८१ मा कर बुझाउन ल्याएमा असोज मसान्तसम्म १० प्रतिशत र असोज मसान्त पश्चात २० प्रतिशत हर्जाना सहित कर बुझाउनु पर्नेछ । साथै आर्थिक वर्ष ०८०/०८१ मा बुझाउनुपर्ने कर ०८१ असार मसान्त भित्र बुझाउनु पर्नेछ नबुझाई बक्यौता रहेमा तत्पश्चात २० प्रतिशत हर्जाना लाग्नेछ ।

**५.प्रोत्साहन गरिनेः**

१) दफा (२) को उपदफा १३ बमोजिमको प्राकृतिक स्रोत व्यवस्थापनबाट उठेको राजस्व मध्ये नगरपालिकाको संचितकोषमा दाखिला हुने अंशको २५% ले हुने रकम सम्बन्धित वडालाई प्रोत्साहन स्वरुप वडाको बजेट शिलिङ्गमा

नेपाल कानून आयोग

थप गरि गरिनेछ ।यसरी थप गरिएको रकम सम्बन्धित वडाले प्राकृतिक स्रोतको उत्खनन् गरिएको क्षेत्र अन्तर्गत पर्नेगरी अनिवार्य रुपमा पुर्वाधार विकास कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

२) यसैगरि वडा कार्यालयको राजश्व संकलन र परिचालन क्षमता बढाउनको लागि दफा २ को उपदफा ४ र ५ बमोजिमको घर बहाल कर र व्यवसाय करबाट संकलित जम्मा राजश्व रकमको २०% ले हुने रकम प्रोत्साहन स्वरुप सम्बन्धित वडाको बजेट शिलिङ्गमा थप गरिनेछ । यसरी थप गरिएको रकम अनिवार्य रुपमा राजस्व परिचालन, राजस्व संकलन र राजस्व संकलनमा खटिने कर्मचारीहरुको क्षमता बिकासका कार्यक्रममा खर्च गर्नुपर्नेछ।

**६. दण्ड जरिवानाः** यस ऐन बमोजिम बाहेक नगरपालिकाको पूर्वस्विकृति नलिई कार्य गरेमा अनुसूची (१४) बमोजिम दण्ड जरिवाना गरिनेछ ।

**७.विविध :** राजस्व सम्बन्धी विविध विषयहरु अनुसुची १५ मा उल्लेख भए बमोजिम हुनेछ ।

**८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

१) यो ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि/प्रकृया नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

२) ऐनको उद्देश्य कार्यान्वयन गर्ने शिलशिलामा नगरकार्यपालिकाले आवश्यक नियम वा कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

३) विभिन्न अनुसूचीमा उल्लेख कर, दस्तुर, सेवाशुल्क वा दण्ड जरिवाना आदिमा कुनै शीर्षक छुटेको पाइएमा वा नयाँ स्रोत पहिचान भएमा नगरकार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर सेवाशुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

**९. यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हनु अघि भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**१०.प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयहरुमा संघीय सरकार, लुम्बिनी प्रदेश सरकार तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची –१
## दफा २(३) संग सम्बन्धित

१. सम्पत्ती कर

क. सम्पत्ती करको दर

| क्र.सं. | देखि रु. | सम्म रु. | तोकिएको दर | क्र.सं. | देखि रु. | सम्म रु. | तोकिएको दर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १ लाख | ० | १९ | ६० लाख १ | ७० लाख | ६००० |
| २ | १ लाख १ | २ लाख | ७५ | २० | ७० लाख १ | ८० लाख | ८५०० |
| ३ | २ लाख १ | ४ लाख | १२५ | २१ | ८० लाख १ | ९० लाख | १०००० |
| ४ | ४ लाख १ | ६ लाख | १७५ | २२ | ९० लाख १ | १ करोड | १२००० |
| ५ | ६ लाख १ | ८ लाख | २२५ | २३ | १ करोड १ | १ करोड २० लाख | १४००० |
| ६ | ८ लाख १ | १० लाख | २७५ | २४ | १ करोड २० लाख १ | १ करोड ४० लाख | १७००० |
| ७ | १० लाख १ | १३ लाख | ३५० | २५ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | २०००० |

| क्र.सं. | देखि रु. | सम्म रु. | तोकिएको दर | क्र.सं. | देखि रु. | सम्म रु. | तोकिएको दर रु. |
|---|---|---|---|---|---|---|---|
| ८ | १३ लाख १ | १६ लाख | ४२५ | २६ | १ करोड ६० लाख १ | १ करोड ८० लाख | २३००० |
| ९ | १६ लाख १ | १९ लाख | ५०० | २७ | १ करोड ८० लाख १ | २ करोड | २६००० |
| १० | १९ लाख १ | २२ लाख | ७०० | २८ | २ करोड १ | २ करोड ५० लाख | ३०००० |
| ११ | २२ लाख १ | २५ लाख | १००० | २९ | २ करोड ५० लाख १ | ३ करोड | ३४००० |
| १२ | २५ लाख १ | २८ लाख | १३०० | ३० | ३ करोड १ | ४ करोड | ४४००० |
| १३ | २८ लाख १ | ३२ लाख | १७०० | ३१ | ४ करोड १ | ५ करोड | ५५००० |
| १४ | ३२ लाख १ | ३६ लाख | २१०० | ३२ | ५ करोड १ | ६ करोड | ६७००० |
| १५ | ३६ लाख १ | ४० लाख | २५०० | ३३ | ६ करोड १ | ७ करोड | ८०००० |
| १६ | ४० लाख १ | ४५ लाख | ३००० | ३४ | ७ करोड १ | १० करोड | १२०००० |
| १७ | ४५ लाख १ | ५० लाख | ३५०० | ३५ | १० करोड भन्दा माथी | | प्रतिहजार रु २ का दरले |
| १८ | ५० लाख १ | ६० लाख | ४७५० | | | | |

ख.सम्पत्ति करको लागी भौतिक संरचनाको वर्गिकरण तथा मुल्यांकन दर निर्धारण

| क्र.स. | संरचनाको बर्गिकरण | मुल्याङ्कन दर रेट (प्रति वर्ग फिट)(रु.) | क्र.स. | संरचनाको बर्गिकरण | मुल्याङ्कन दर रेट (प्रति वर्ग फिट)(रु.) |
|---|---|---|---|---|---|
| १ | आर .सि. सि. पक्की घर | १,३००।- | ५ | व्यवसायिक ट्रस | ६०० |
| २ | आर .सि. सि. पिलरमा टिन छाना | १,०००।- | ६ | काठको घरमा टायल/टिन छाना | ३००।- |
| ३ | पिलर नभएको पक्की ढलान | ८००।- | ७ | टहरा/ट्रस | १२५।- |
| ४ | ब्लक सिमेन्ट टिन छाना | ६००।- | | | |

ग) सम्पत्ति कर प्रणाली लागु गर्ने सम्बन्धमा भौतिक संरचना र सोले चर्चेको (प्लेन्थ एरिया)बढीमा ५,४७६ वर्गफिट मध्ये जुन घटी हुन्छ सो को सम्पति कर र घर जग्गा बाहेकका अन्य जग्गा भएमा भूमि कर (मालपोत)लगाइनेछ। भौतिक संरचनाले चर्चेका जग्गाको मूल्याङ्कन मालपोतको न्यूनतम दररेटको ५० प्रतिशत मात्र हुनेछ ।

घ)भौतिक संरचना र सोले चर्चेको बढीमा ५,४७६ वर्गफिट जग्गा वाहेक अन्य जग्गाको हकमा न्यूनतम रु.५० मा नघट्ने गरी मालपोतले तोकेको न्युनतम मूल्यांकन दर रेटको ०.०२ प्रतिशत भूमिकर (मालपोत) लिने ।

## अनुसूची - २
## दफा २(४) संग सम्बन्धित
## भूमि कर (मालपोत)

क) आ.ब. २०८०/०८१ का लागि सम्पत्ति कर तथा भूमि कर प्रयोजनका लागि जग्गाको मुल्याङ्कन दर देहाय बमोजिम कायम गरिनेछ ।

| हालको वडा नं. | साविक गाविस | जग्गा वर्गिकरण | न्युनतम मुल्यांकन दर |
|---|---|---|---|
| १-१० | केरवानी र देवदह | मालपोत कार्यालय बुटवलले आ.व. २०८०/०८१ को घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरे बमोजिम हुनेछ । | |

| | | |
|---|---|---|
| ११-१२ | सिक्टहन | मालपोत कार्यालय भैरहवाले आ.व. २०८०/०८१ को घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरे बमोजिम हुनेछ । |

आर्थिक वर्ष २०७४/०७५ देखि कार्यविधि बनाई सम्पत्ती कर र भुमिकर लाग्ने व्यवस्था भएकाले आ.व.२०७४।०७५ सम्म र सो भन्दा पहिलेको वक्यौताको हकमा तपसिलको करको दर लागु हुनेछ ।

| क.स. | क्षेत्रफल | दररु. | कैफियत |
|---|---|---|---|
| १ | १—०—० सम्म | १० प्रति कठ्ठा | वक्यौताको हकमा आ.व. ०७४।०७५को दर रेटमा उठाईने छ र न्यूनतम दर रु ५० हुनेछ । |
| २ | १—०—१ देखी २—०—० सम्म | १५ प्रति कठ्ठा | |
| ३ | २—०—१ देखी ३—०—० सम्म | २० प्रति कठ्ठा | |

ख) घरले चर्चेको क्षेत्र बाहेक ऐलानी/पर्ति खालि जग्गाको हकमा भूमि सम्बन्धी समस्या समाधान आयोग/राष्ट्रिय भूमि आयोगबाट निवेदन दर्ता निस्सा फारममा उल्लेख भएको क्षेत्रफलको आधारमा तपसिलमा उल्लेखित न्यूनतम मूल्याङ्कन रकमको प्रति कठ्ठा ०.०५ प्रतिशतका दरले वार्षिक बहाल बिटौरी शुल्क हुन आउने रकम वा न्यूनतम रकम रु. ५०।- मध्ये अधिकतम हुन आउने रकम वार्षिक बहाल बिटौरी शुल्कको रुपमा लिइनेछ ।

क) वडा नं १ देखि ४ सम्म मूल पिच सडक मोहडा (प्रति कठ्ठा)

- बिर्ता देखि राजाबारी चोक रु. ३,००,०००।-
- राजाबारी चोक सुनवल न.पा. सिमाना रु. ४,८०,०००।-
- ६ नं. चोक पश्चिम श्री टोलसम्म रु. ६,००,०००।-
- ढेकावर रामनगर सडकसम्म (देबदह न.पा. गुमी चोक सिमाना) रु. ४,२०,०००।-
- श्री टोल देखि सूर्यपुरासम्म रु. ४,२०,०००।-
- सुर्यपुरा देखि सिंगाहासम्म रु. ४,८०,०००।-
- सिंगाहा भण्डारीको घरदेखि भवानीपुर रु. ४,२०,०००।-
- भवानीपुर देखि पिपरैया रु. ३,६०,०००।-
- भवानीपुर पुल पारी देखि बजार क्षेत्र ३०० मिटर रु. ६,००,०००।-
- सेमराना कोटही प्रा.बि. रु. ३,००,०००।-
- अन्य भित्री पिच सडक रु. ३,००,०००।-
- मुल सडक मोहडा कच्ची सडक रु. २,४०,०००।-
- भित्री सडक मोहडा कच्ची सडक रु. १,८०,०००।-
- खेतीयोग्य जमिन रु. ६०,०००।-

ख) वडा नं. ५, ६ र ७

- लोकमार्ग सडक मोहडा रु. १८,००,०००।-
- लोकमार्ग दायाँबायाँ ३०० मिटर रु. १२,००,०००।-
- प्रगतिबजार कलुवा पक्की सडक रु. ९,००,०००।-
- खैरेनी बजार देखि गुरुङ्ग टोला रु. ९,००,०००।-
- सिद्धार्थ कोलोनी रु. ६,००,०००।-
- भित्री पक्की रु. ४,२०,०००।-
- भित्री कच्ची रु. ३,००,०००।-
- खेतीयोग्य जग्गा रु.९०,०००।-

केउली, सटाकखोला, सरनटाडी

- खेतीयोग्य जग्गा रु. ४५,०००।-
- भित्री कच्ची सडक मोहडा रु. १,००,०००।-
- भित्री पक्की सडक मोहडा रु. १,५०,०००।-
- मुल सडक मोहडा पक्की रु. २,५०,०००।-

ग) वडा नं ८,९ र १०

- लोकमार्ग सडक मोहडा रु. १२,००,०००।-
- लोकमार्ग सडक ३०० मिटरभित्र रु. ९,००,०००।-
- अन्य भित्री पक्की सडक रु. ३,९०,०००।-
- अन्य भित्री कच्ची सडक रु. २,७०,०००।-
- खेतियोग्य जमिन रु. ७५,०००।-

घ) वडा नं १० चरङ्गे

- चरङ्गे मूल सडक रिंग रोड रु. ९,००,०००।-
- भित्री पक्की सडक मोहडासडक रु. ४,२०,०००।-
- भित्री कच्ची सडक मोहडा रु. ३,००,०००।-
- खेतीयोग्य जमिन (चरङ्गे) रु. ७५,०००।-
- मुढाबास सडक र श्रीलंका टोल रु. ३०,०००।-
- मुढाबास खेतीयोग्य जमिन रु. २४,०००।-
- दलदले सम्पूर्ण जमिन क्षेत्र रु. १२,०००।-

ङ) वडा नं. ११ र १२

- सिक्टहन पक्की वाटो मोहडामा पर्ने रु. १,५०,०००।-
- कच्ची तथा ग्रावेल वाटो मोहडामा पर्ने रु. ७५,०००।-
- शंकरपुर वजार क्षेत्र वाटो मोहडामा पर्ने रु. ३,००,०००।-
- खेतियोग्य जमिन रु. ४५,०००।-

नोटः न्युनतम बहाल बिटौरी शुल्क रु. १०००।-लिईनेछ ।

## अनुसूची -३
## दफा २(५) संग सम्बन्धित
## घर वहाल कर

आ.व.०८०।०८१ मा बहालकर गणना गर्दा जग्गाको हकमा बहालमा दिने/लिने पक्षले स्वघोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर गणना गरिनेछ । घर संरचनाको बहाल गणना गर्दाको हकमा कर्पोरेट हाउसहरुको लागि अनिवार्य रुपमा सम्झौता पत्र पेश गर्नुपर्नेछ । घर बहाल करका लागि वहाल संझौता पत्र पेश भएकोमा देहायको न्यूनतम वहाल दर भन्दा बढी भएमा सोही बमोजिम र न्युनतम दर भन्दा कम भएमा तल उल्लेखित दर बमोजिम गणना हुनेछ ।

| क्र.स. | भवन अवस्थित स्थानको विवरण | आ.व ०७८/७९ ( प्रति महिना ) | |
|---|---|---|---|
| | | प्रतिसटर ( रु. ) | प्रतिकोठा ( रु. ) |
| १ | लोक राजमार्ग मोहडामा पर्ने खैरेनी-मिलन चोक | ५००० | १२५० |
| २ | भित्री सडक मोहडामा पर्ने खैरेनी धकधई र,गोठादी मार्ग | ३१२५ | ९४० |
| ३ | लोक मार्ग मोहडामा पर्ने सितलनगर-पिपलडांडा | ३७५० | १००० |
| ४ | लोकमार्ग सडक मोहडामा पर्ने घोडाहा खोला पश्चिम -वुद्दनगर | २५०० | ७५० |

| क्र.स. | भवन अवस्थित स्थानको विवरण | आ.व ०७८/७९ ( प्रति महिना ) | |
|---|---|---|---|
| | | प्रतिसटर ( रु. ) | प्रतिकोठा ( रु. ) |
| ५ | लोकमार्ग सडक मोहडामा पर्ने भलुही | ३१२५ | ९४० |
| ६ | भित्री सडक सितलनगर भवानीपुर सडक मोहडमा पर्ने | २५०० | ७५० |
| ७ | भलुही चोक देखी मद्रानी भुपु सैनिकव वाटो मोहडामा पर्ने | १८७५ | ६२५ |
| ८ | भित्री सडक मोहडामा पर्ने खैरेनी अन्य | १८७५ | ६२५ |
| ९ | भित्री सडक मोहडामा पर्ने सितलनगर अन्य | १८७५ | ६२५ |
| १० | निमचोक देखी शिवचोक सडक मोहडामा पर्ने चरङ्गे | १८७५ | ६२५ |
| ११ | भित्री सडक मोहडा पर्ने चरङ्गे | १८७५ | ६२५ |
| १२ | भित्री सडक मोहडामा पर्ने भवानीपुरचोक | १५६५ | ६२५ |
| १३ | खैरेनी धकधई सडक केरवानी स्वास्थ्य चौकी- छ नं. चोक- राजावारी सडक मोहडामा | १२५० | ६२५ |
| १४ | शान्ति नगर चोक सडक मोहडामा पर्ने | १२५० | ६२५ |
| १५ | शंकरपुर चौराहा र ५० मी. दाँया वाँया | १८७५ | ६२५ |
| १६ | ढेकावर ६ नं चोक | २५०० | १००० |
| १७ | ढेकावर चोक देखि पेटबनिया हुदै सिक्टहन गाउ | १२५० | ६२५ |
| १८ | कच्ची तथा ग्राभेल सडक मोहडामा पर्ने अन्य | १२५० | ६२५ |

## अनुसूची – ४
## दफा ६ संग सम्बन्धित
## व्यवसाय कर

नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य कार्यालय, आन्तरिक राजश्व कार्यालय र कम्पनी रजिष्टारको कार्यालयमा व्यवसाय वा कम्पनी दर्ता गर्दा कायम गरेको स्थिर पुँजी वा अधिकृत पुँजिलाई आधार मानि निम्नानुसार श्रेणी विभाजन गरिएको छ ।

निम्नः

- क श्रेणी : रु ५० लाख १ देखि माथि ।
- ख श्रेणी : रु. ३० लाख १ देखि ५० लाख सम्म ।
- ग श्रेणी : रु. ५ लाख १ देखि ३० लाखसम्म ।
- घ श्रेणी : रु. ५ लाखसम्म ।

क) वार्षिक व्यवसाय कर देहाय बमोजिमको दरले असुल गरिनेछः

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| १ | व्यापारिक बस्तु | |
| १.१ | मदिरा पसल | |
| १.१.१ | वितरक | ९००० |
| १.१.२ | थोक बिक्रेता | ७००० |
| १.१.३ | खूद्रा बिक्रेता | ५००० |
| १.२ | सुर्ती जन्य (धूम्रपान) पसल | |
| १.२.१ | वितरक | ५००० |
| १.२.२ | थोक बिक्रेता | ३००० |
| १.२.३ | खूद्रा बिक्रेता | २००० |
| १.३ | स्टेशनरी तथा पुस्तक पसल | |
| १.३.१ | स्टेशनरी तथा पुस्तक डिस्ट्रब्युटर्स | ३००० |
| १.३.२ | स्टेशनरी तथा पुस्तक थोक | २००० |
| १.३.३ | स्टेशनरी तथा पुस्तक खुद्रा | १५०० |
| १.३.४ | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | १५०० |
| १.४ | कपडा/फेन्सी/कस्मेटिकपसल | |
| १.४.१ | थोक पसल | ३००० |
| १.४.२ | खुद्रा पसल | १५०० |
| १.५ | धागो टांक फस्नर पसल | |
| १.५.१ | धागो, टांक, फस्नर खुद्रा पसल | १००० |
| १.५.२ | धागो, टांक, फस्नर थोक पसल | १५०० |
| १.६ | हल्का पेय पदार्थ पसल | |
| १.६.१ | वितरक | १५०० |
| १.६.२ | थोक विक्रेता | १००० |
| १.६.३ | खुद्रा विक्रेता | ८०० |
| १.७ | मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री | |
| १.७.१ | थोक विक्रि पसल | ३००० |
| १.७.२ | मोटर पार्ट खूद्रा विक्री | १५०० |
| १.७.३ | लूब्रिकेसन थोक पसल | २००० |
| १.७.४ | लूब्रिकेसन खूद्रा पसल | १५०० |
| १.८ | सून चांदी पसल | |
| १.८.१ | सून चांदी पसल श्रेणी क | ६००० |
| १.८.२ | सूनचांदी पसल श्रेणी ख | ४००० |
| १.८.३ | सून चांदी पसल श्रेणी ग | २५०० |
| १.१० | व्याग हाउस | |
| १.१०.१ | व्याग थोक पसल | २५०० |
| १.१०.२ | व्याग खुद्रा पसल | १००० |
| १.११ | प्लाई तथा ग्लास हाउस | |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| १.११.१ | प्लाई तथा ग्लास हाउस थोक पसल | २५०० |
| १.११.२ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | १५०० |
| १.१२ | इलेक्ट्रोनिक विक्री पसल | |
| १.१२.१ | मोवाइल सेल्स डिस्ट्रिव्यूटर्स | २००० |
| १.१२.२ | इलेक्ट्रोनिक थोक पसल | ३००० |
| १.१२.३ | इलेक्ट्रोनिक खुद्रा पसल | १५०० |
| १.१२.४ | रेडियो, घडी, क्याल्कुलेटरमात्र बिक्री पसल | १००० |
| १.१२.५ | अडियो, भिडियो क्यासेट पसल | १००० |
| १.१२.६ | अन्य | ५०० |
| १.१३ | विद्युत सामाग्री पसल | |
| १.१३.१ | विद्युत सामाग्री थोक पसल | २५०० |
| १.१३.२ | विद्युत सामाग्री खुद्रा पसल | १५०० |
| १.१४ | पेट्रोलियम पदार्थ | |
| १.१४.१ | पेट्रोलियम पदार्थ 3 पम्प वा सो भन्दा माथि | ४००० |
| १.१४.२ | पेट्रोलियम पदार्थ २ पम्प भएको | ३५०० |
| १.१४.३ | पेट्रोलियम पदार्थ १ पम्प भएको | ३००० |
| १.१४.४ | मट्टीतेल मात्र भएको | २००० |
| १.१४.५ | ग्यांस सिलिण्डर डिलर | २००० |
| १.१४.६ | ग्यांस सिलिण्डर डिपो | १५०० |
| १.१५ | फर्निचर्स पसल | |
| १.१५.१ | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | २००० |
| १.१५.२ | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | १५०० |
| १.१६ | हार्डवयर/मेशिनरी/पेन्ट/सेनेटरी/पल्म बिङ तथा मार्बल पसल | |
| १.१६.१ | श्रेणी क | १०००० |
| १.१६.२ | श्रेणी ख | ६००० |
| १.१६.३ | श्रेणी ग | ४००० |
| १.१६.४ | श्रेणी घ | २००० |
| १.१७ | स्टील, आल्मुनियमको पसल | |
| १.१७.१ | स्टील, आल्मुनियमको थोक पसल | २००० |
| १.१७.२ | स्टील, आल्मुनियमको खुद्रा पसल | १००० |
| १.१८ | सवारी साधन एजेन्सी तथा थोक विक्री पसल | |
| १.१८.१ | बस, ट्रक, ट्रयाक्टर, जिप, कारको डिलर | ७५०० |
| १.१८.२ | मोटरसाइकल, स्कूटर डिलर | ५००० |
| १.१८.३ | मोटरसाइकल अन्य सवारी साधनको डिलर (स्वदेशी उत्पादन) | ४००० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| १.१८.४ | इलेक्ट्रिक साइकल विक्री केन्द्र | ३००० |
| १.१८.५ | साईकल / रिक्सा विक्री केन्द्र | २००० |
| १.१८.६ | टेम्पो / ई रिक्सा विक्री केन्द्र | ४००० |
| १.१८.७ | रि-कन्डिसन हाउस | १५०० |
| १.१८.८ | टायर विक्री केन्द्र | १५०० |
| १.१८.९ | पम्पसेट जेनेरेटर डिलर | १००० |
| १.१८.१० | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | १००० |
| १.१९ | अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता | |
| १.१९.१ | अनुसन्धान कर्ता | १५०० |
| १.१९.२ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १००० |
| १.१९.३ | विमा एजेन्ट | ८०० |
| १.१९.४ | सर्भेयर | ८०० |
| १.१९.५ | नोटरी पब्लिक अनूवादक | ५०० |
| १.१९.६ | पशु चिकित्सक | १००० |
| १.१९.७ | शेयर दलाल | १००० |
| १.१९.८ | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट ब्यवसाय | १५०० |
| १.१९.९ | कोइला खरिद बिक्री ब्यवसाय | ५००० |
| १.२ | टेण्ट / लाईट / साउण्ड सिस्टम | |
| १.२०.१ | विजुली डेकोरेसन व्याण्ड बाजा साउण्ड सिस्टम सहितको टेण्ट हाउस | ३००० |
| १.२०.२ | विजुली डेकोरेसन साउण्ड सिस्टम सहितको टेण्ट हाउस | २००० |
| १.२०.३ | टेण्ट हाउस र विजुली डेकोरेसन सहितको | १५०० |
| १.२०.४ | टेण्ट हाउस मात्र | १००० |
| १.२०.५ | साउण्ड सिष्टम सानो | ५०० |
| १.२०.६ | साउण्ड सिष्टम ठूलो | १००० |
| १.२१ | ड्राई क्लिन, सैलुन तथा व्युटी पार्लर | |
| १.२१.१ | व्युटी पार्लर तालिम सहित | १५०० |
| १.२१.२ | व्युटी पार्लर मात्र | १००० |
| १.२१.३ | कालिगड सहितको सैलुन सेवा क श्रेणी | १००० |
| १.२१.४ | सैलुन सेवा मात्र | १००० |
| १.२१.५ | ड्राई क्लिन सेवा | १००० |
| १.२२ | साईन बोर्ड / आर्ट व्यवसाय | |
| १.२२.१ | डिजिटल आर्ट | १००० |
| १.२२.२ | अन्य आर्ट | ५०० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| १.२३ | खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम सेन्टर | |
| १.२३.१ | खेलौना तथा गिफ्ट हाउस थोक | २००० |
| १.२३.२ | खेलौना तथा गिफ्ट हाउस खुद्रा | १००० |
| १.२३.३ | खेलौना मात्र | ५०० |
| १.२३.४ | फोटो फ्रेम मात्र | ५०० |
| १.२३.५ | महिला उद्यमशिल हस्तकला | ५०० |
| १.२४ | घुम्ती व्यवसाय गर्ने व्यवसायीको हकमा | |
| १.२४.१ | फेन्सी तथा कपडा पसल | १००० |
| १.२४.२ | किनारा तथा भाँडा पसल | १००० |
| १.२४.३ | अन्य प्रकृतीका | ५०० |
| १.२५ | भाँडा पसल तथा किचन सामग्री | |
| १.२५.१ | खुद्राबिक्रेता | १५०० |
| १.२५.२ | थोक बिक्रेता | २००० |
| १.२६ | सिलाई कटाई मेसिन मर्मत, तालिम र सिलाई पसल | |
| १.२६.१ | सिलाई पसल तालिम समेत | १५०० |
| १.२६.२ | सिलाई पसल ठूलो | १००० |
| १.२६.३ | सिलाई मेसिन मर्मत | १००० |
| १.२६.४ | सिलाई पसल सानो | ५०० |
| १.२७ | हेभि ईक्वीपमेण्ट | |
| १.२७.१ | हेभि ईक्वीपमेण्ट खरिद विक्री | १०००० |
| १.२७.२ | हेभि ईक्वीपमेण्ट भाडामा प्रति गोटा | ३००० |
| १.२७.३ | कवाडी संकलन तथा विक्री केन्द्र | ५००० |
| २ | उत्पादनमुलक व्यावसाय तथा उद्योग | |
| २.१ | प्लाष्टिक फाईवर उद्योग | |
| २.१.१ | प्लाष्टिक फाईवर उद्योग क श्रेणी | ४००० |
| २.१.२ | प्लाष्टिक फाईवर उद्योग ख श्रेणी | ३००० |
| २.१.३ | प्लाष्टिक फाईवर उद्योग ग श्रेणी | २००० |
| २.१.४ | प्लाष्टिक फाईवर उद्योग घ श्रेणी | १००० |
| २.१.५ | प्लाष्टिक वेल्डिङ्ग | १००० |
| २.२ | पेय पदार्थ उत्पादन उद्योग | |
| २.२.१ | पानी उद्योग | २००० |
| २.२.२ | पिउने पानि सप्लायर्स | १५०० |
| २.२.३ | आईसक्रिम, बरफ उद्योग | १५०० |
| २.३ | अन्य उत्पादनमुलक व्यावसाय तथा उद्योग | |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| २.३.१ | ग्रिल उद्योग, यु.पि.भि.सी, अल्मुनियम, स्टिल उद्योग | ३००० |
| २.३.२ | फलामको ग्रिल उद्योग | २००० |
| २.३.३ | पशु आहार उद्योग | १५०० |
| २.३.४ | घरेलु कुटिकर उद्योग | १००० |
| २.३.५ | सिरक ढसना डिपो | १००० |
| २.३.६ | जुत्ता/ चप्पल उद्योग | १००० |
| २.३.७ | सावुन उद्योग | २००० |
| २.४ | डिष्टिलरी उद्योग | |
| २.४.१ | डिष्टिलरी उद्योग | ३५००० |
| २.४.२ | डिष्टिलरी उद्योग बोटलर्स मात्र | २५००० |
| २.५ | भाँडा उद्योग | |
| २.५.१ | काँस, तामा, पितलका भाडा उद्योग | २००० |
| २.५.२ | आल्मुनियम भाडाँ उद्योग | २००० |
| २.५.३ | प्लाष्टिक भाडा उद्योग | १५०० |
| २.५.४ | टिनको बाक्सा, बाल्टी उद्योग | १५०० |
| २.५.५ | धारा, टुटी, पाईप | १५०० |
| २.६ | कुटानि, पिसानी, पेलानी उद्योग | |
| २.६.१ | फ्लोर मिल ठुलो | ३००० |
| २.६.२ | सेलर मिल | २५०० |
| २.६.३ | चिउरा मिल जिल्ला बाहिर निकासी हुने | २५०० |
| २.६.४ | चिउरा, चामल मिल स्थानीय सप्लाई | २००० |
| २.६.५ | मसला उद्योग | १५०० |
| २.६.६ | कुटानी, पिसानी, पेलानी उद्योग | १५०० |
| २.७ | डेरी उद्योग | |
| २.७.१ | डेरी उद्योग | ३००० |
| २.७.२ | डेरी विक्रि डिपो | २००० |
| २.७.३ | खुद्रा डेरी पसल | १००० |
| २.८ | उपभोग्य वस्तु उत्पादन उद्योग साना | |
| २.८.१ | कुकिज, पाउरोटी, नुडल्स उद्योग | १५०० |
| २.८.२ | कन्फेक्सनरी नुडल्स उद्योग | १००० |
| २.८.३ | विस्कुट उद्योग | १५०० |
| २.८.४ | दालमोट उद्योग | १००० |
| २.९ | रि-साईक्लिङ्ग उद्योग | |
| २.९.१ | फलाम कृषि औजार उद्योग | २५०० |
| २.९.२ | कागज प्लाष्टिक रि–साईक्लिङ्ग उद्योग | २००० |
| २.९.३ | रवर रि–साईक्लिङ्ग उद्योग क श्रेणी | १०००० |
| २.९.४ | रवर रि–साईक्लिङ्ग उद्योग ख श्रेणी | ७५०० |
| २.१ | क्रसर/खनिज उद्योग | |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| २.१०.१ | गिटि चाल्ने सहित क श्रेणी डवल प्लान्ट भएको | १५००० |
| २.१०.२ | गिटिचाल्ने सहित ख श्रेणी डवल प्लान्ट भएको | १०००० |
| २.१०.३ | गिटि चाल्ने सहित डवल प्लान्ट क्रसर उद्योग | ८००० |
| २.१०.४ | गिटि चाल्ने सिंगल प्लान्ट उद्योग | ७००० |
| २.१०.५ | गिटि बालुवा विक्री डिपो | ६००० |
| २.११ | कृषि तथा वनजन्य उद्योग | |
| २.११.१ | स–मिल, प्लाईउड उद्योग | ७००० |
| २.११.२ | काठको फर्निचर उद्योग | ६००० |
| २.११.३ | फर्निचर शोरुम | ५००० |
| २.११.४ | वेतबाँस तथा ब्याम्बो उद्योग | ३००० |
| २.११.५ | वेतबाँस तथा ब्याम्बो शोरुम | २००० |
| २.१२ | कुखुरा, ह्याचरी, दाना उद्योग | |
| २.१२.१ | ह्याचरी चल्ला उत्पादन | ५००० |
| २.१२.२ | दाना उत्पादन | ३००० |
| २.१२.३ | खुद्रा विक्रि डिपो | २००० |
| २.१३ | उर्जामुलक उद्योग | |
| २.१३.१ | वायो ग्यास उद्योग | ५००० |
| २.१३.२ | सौर्य शक्ति उत्पादन | ५००० |
| २.१३.३ | मर्मत सम्भार पार्ट पुर्जा उद्योग | ५००० |
| २.१४ | कंक्रिट/ सेनेटरी/ व्लक/ टायल उद्योग | |
| २.१४.१ | श्रेणी क | १०००० |
| २.१४.२ | श्रेणी ख | ५००० |
| २.१४.३ | श्रेणी ग | ३००० |
| २.१४.४ | श्रेणी घ | २००० |
| २.१४.५ | ईट्टा उद्योग | १५००० |
| ३ | विशेषज्ञ परामर्श सेवा | |
| ३.१ | बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा | |
| ३.१.१ | चिकित्सक कन्सल्टेन्ट | २५०० |
| ३.१.२ | मेडिकल अफिसर (एम.बि.बि.एस. वा सो सरह) सहित निजि मेडिकल | २००० |
| ३.१.३ | एच ए सहित निजि मेडिकल | १५०० |
| ३.१.४ | इन्जिनियरिङ फर्म परामर्श सेवा | ५००० |
| ३.१.५ | कानुन व्यवसायी | १५०० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| ३.१.६ | ल फर्म तथा कानून परामर्श सेवा | १००० |
| ३.१.७ | लेखा परीक्षण (सि.ए.) | १५०० |
| ३.१.८ | डेन्टल होम सेवा | १००० |
| ३.१.९ | दन्त चिकित्सा सेवा | १५०० |
| ३.१.१० | लेखा परीक्षण (र.ले.प.) | १००० |
| ४ | कृषि तथा खाद्यान्न | |
| ४.१ | खाद्यान्न तथा किराना पसल | |
| ४.१.१ | खाद्यान्न सप्लायर्स | २००० |
| ४.१.२ | खाद्यान,किराना थोक पसल | २००० |
| ४.१.३ | खाद्यान,किरानाका साथ डिपार्टमेन्टल | १५०० |
| ४.१.४ | खाद्यान,किराना खुद्रा पसल | १००० |
| ४.१.५ | साना किराना पसल | ५०० |
| ४.१.६ | आलु, प्याज, लसून, अदुवा थोक | १००० |
| ४.२ | फलफूल / तरकारी पसल | |
| ४.२.१ | थोक पसल | २००० |
| ४.२.२ | खुद्रा पसल | १००० |
| ४.३ | पशु वधशाला, मासु, माछा पसल | |
| ४.३.१ | पशु वधशाला | १५०० |
| ४.३.२ | पशुको छाला संकलन तथा विक्री केन्द्र | १००० |
| ४.३.३ | मासु पसल खसी, राँगा, कुखुरा | ८०० |
| ४.३.४ | माछा मात्र | ५०० |
| ४.३.५ | कुखुरा मात्र | ५०० |
| ४.४ | नर्सरी व्यवसाय | |
| ४.४.१ | नर्सरी | १००० |
| ४.४.२ | फुल बिक्री | ५०० |
| ५ | होटल पर्यटन तथा मनोरञ्जन व्यावसाय | |
| ५.१ | पर्यटन उद्योग | |
| ५.१.१ | होटल लज र रेष्टुरेण्ट सुविधा सम्पन्न (स्टार) | २५००० |
| ५.१.२ | होटल, लज, रेष्टुरेण्ट, पार्टिप्यालेस एसी सहित | ७५०० |
| ५.१.३ | होटल, पार्टिप्यालेस, रेष्टुरेण्ट | ५००० |
| ५.१.४ | पार्टिप्यालेस मात्र | ३००० |
| ५.१.५ | क्याटरिङ्ग तथा रेष्टुरेण्ट मात्र | २००० |
| ५.१.६ | दोहोरी साझँ, गजल, डान्स वार | ५००० |
| ५.१.७ | भोजनालय | १५०० |
| ५.१.८ | मिष्ठान्न भण्डार क्याटरीङ्ग | १००० |
| ५.१.९ | फाष्टफुड एण्ड क्याफे | १००० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| ५.१.१० | चिया, कफि सप | ५०० |
| ५.१.११ | टुर एण्ड ट्राभल्स सेवा | २००० |
| ५.२ | स्नोकरपुल हाउस | |
| ५.२.१ | स्नोकर पुल हाउस | २००० |
| ५.२.२ | स्नोकर मात्रा | १००० |
| ५.२.३ | पुल हाउस | १००० |
| ६ | संचार सेवा व्यवसाय | |
| ६.१ | कम्युनिकेशन सेवा | |
| ६.१.१ | फोटोकपी, पि.सि.ओ., साईवर तथा क्याफे | १००० |
| ६.१.२ | कुरियर सेवा मुख्य कार्यालय | १५०० |
| ६.१.३ | कुरियर सेवा शाखा कार्यालय | १००० |
| ६.१.४ | साईवर तथा कम्प्युटर सेवा | १००० |
| ६.२ | संचार सेवा | |
| ६.२.१ | टेलिफोन, ट्रकल, फ्याक्स, मोवाईल सेवा प्रदायक कम्पनी | १००० |
| ६.२.२ | टिभि च्यानल प्रशारण व्यवसायी | ४००० |
| ६.२.३ | केवुल टि.भी. च्यानल | ५००० |
| ६.२.४ | एफ.एम.प्रसारण व्यवसायीक | १००० |
| ६.२.५ | पत्र पत्रिका व्यवसायीक | ५०० |
| ६.२.६ | अनलाईन मिडिया | ५०० |
| ७ | वित्तिय सेवा व्यवसाय | |
| ७.१ | वित्तिय संस्था नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेकाबैंक बाहेक | |
| ७.१.१ | वाणिज्य वैंक मुख्य कार्यालय | ४०००० |
| ७.१.२ | बाणिज्य वैंक शाखा कार्यालय प्रति शाखा | ३०००० |
| ७.१.३ | विकास वैंक मुख्य कार्यालय | ३०००० |
| ७.१.४ | विकास वैंक शाखा कार्यालय | २५००० |
| ७.१.५ | फाईनान्स कम्पनी मुख्य कार्यालय | १७००० |
| ७.१.६ | फाईनान्स कम्पनी शाखा कार्यालय | १२००० |
| ७.१.७ | लघुवित्त कम्पनी मुख्य कार्यालय | १०००० |
| ७.१.८ | लघुवित्त कम्पनी शाखा कार्यालय | ८००० |
| ७.१.९ | विमा कम्पनी मुख्य कार्यालय | १०००० |
| ७.१.१० | विमा कम्पनी शाखा कार्यालय | ६००० |
| ७.१.११ | मनि एक्सचेन्जर रेमिटान्स | ६००० |
| ७.१.१२ | रेमिटान्ससेवा | २००० |
| ७.१.१३ | बचत तथा ऋण सहकारी | |
| | ५० लाख सम्मको लगानी भएको | २००० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| | ५० देखि १ करोडसम्म लगानी भएको | ३००० |
| | १ करोड भन्दा माथि लगानी भएको | ५००० |
| ८ | स्वास्थ्य सेवा व्यवसाय | |
| ८.१ | औषधी व्यवसाय | |
| ८.१.१ | उत्पादक | २५०० |
| ८.१.२ | वितरक/थोक | २००० |
| ८.१.३ | औषधी खुद्रा पसल (डक्टर भएको) | २००० |
| ८.१.४ | औषधी खुद्रा पसल (डक्टर नभएको) | १५०० |
| ८.२ | आयुर्वेदिक औषधी पसल | |
| ८.२.१ | उत्पादक | २००० |
| ८.२.२ | वितरक/थोक | १५०० |
| ८.२.३ | औषधी खूद्रा पसल (कविराज भएको) | १००० |
| ८.२.४ | औषधी खूद्रा पसल (कविराज नभएको) | ५०० |
| ८.२.५ | जडिबुट्टि खरिद बिक्री व्यवसाय | १००० |
| ८.३ | स्वास्थ्य सेवा | |
| ८.३.१ | मेडिकल कलेज होम | ८००० |
| ८.३.२ | गैर सरकारी अस्पताल तथा नर्सिङ्ग | ४००० |
| ८.३.३ | एम.आर.आइ., सि.टि.स्क्यान, एक्स- रे, अल्ट्रासाउण्ड | १५०० |
| ८.३.४ | प्याथोलोजी | १००० |
| ८.३.५ | अक्युपञ्चर, फिजियो थेरापी | १००० |
| ८.३.६ | एक्स—रे, अल्ट्रासाउण्ड, पोलिक्लिनिक | १००० |
| ८.३.७ | चस्मा पसल | ५०० |
| ८.३.८ | सामुदायिक अस्पताल | २००० |
| ९ | शिक्षा तथा तालीम व्यावसाय | |
| ९.१ | संगित कला केन्द्र तथा प्रशिक्षण केन्द्र | |
| ९.१.१ | संगित कला केन्द्र तथा नृत्य प्रशिक्षण केन्द्र | १००० |
| ९.२ | शिक्षा सेवा | |
| ९.२.१ | निजी क्याम्पस | ३००० |
| ९.२.२ | संस्थागत माध्यमिक विद्यालय | २००० |
| ९.२.३ | संस्थागत आधारभूत विद्यालय | १५०० |
| ९.२.४ | मन्टेश्वरी | १००० |
| ९.२.५ | पोलिटेक्निकल ईन्स्टिच्युट प्रशिक्षण केन्द्र | ३००० |
| ९.२.६ | सि.एम.ए. अनमी प्रशिक्षण केन्द्र | ३००० |
| ९.२.७ | एजुकेशनल कन्सल्टेन्सी, कोचिङ्ग सेन्टर/ मन्टेश्वरी ट्रेनिङ्ग, ब्रिज कोर्ष | १५०० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| ९.२.८ | निजी छात्र/छात्रा होस्टल | १००० |
| ९.२.९ | कम्प्युटर भाषा प्रशिक्षण केन्द्र | १५०० |
| ९.२.१० | ड्राईभिङ्ग स्कुल | १५०० |
| ९.२.११ | हेल्थ असिस्टेण्ट, स्टाफ नर्स वा सो सरह स्वास्थ्य शिक्षा | ४००० |
| १० | मर्मत सम्भार व्यावसाय | |
| १०.१ | मर्मत संभार कारखाना | |
| १०.१.१ | बडि व्युल्डिङ्ग | ५००० |
| १०.१.२ | बडि व्युल्डिङ्ग मर्मत | ३००० |
| १०.१.३ | लेथ सेक्सन | २००० |
| १०.१.४ | टायर डिलर शोरुम | २५०० |
| १०.१.५ | टायर रिसोलिङ्ग | २००० |
| १०.१.६ | टायर ट्युव पंचर समेत | १००० |
| १०.१.७ | ईन्जिन मर्मत वर्कशप | १५०० |
| १०.१.८ | डेन्टिङ्ग, पेन्टिङ्ग, वेल्डिङ्ग | १५०० |
| १०.१.९ | पम्प सेक्सन मर्मत | १५०० |
| १०.१.१० | व्याट्रि, ईलेक्ट्रिक सेक्सन मर्मत | १००० |
| १०.१.११ | वासिङ्ग सर्भिसिङ्ग सेन्टर | १५०० |
| १०.१.१२ | रिक्सा, साईकल मर्मत तथा पार्टपुर्जा विक्री | १००० |
| १०.१.१३ | टिभि डेग मोबाईल मर्मत | १००० |
| १०.१.१४ | रेडियो घडि क्याल्कुलेटर | ५०० |
| १०.१.१५ | मोटरसाईकल, स्कुटर मर्मत | १००० |
| १०.१.१६ | कमानिपट्टा, रेडियटर, ग्रिस, हेड मर्मत समेत | १५०० |
| १०.१.१७ | जेनेरेटर, फ्रिज, कम्प्युटर मर्मत | १००० |
| ११ | निर्माण व्यावसाय | |
| ११.१ | न.पा.मा प्रधान कार्यलय भएका क वर्गका निर्माण व्यवसायी | १०००० |
| ११.२ | न.पा.मा प्रधान कार्यलय भएका ख वर्गका निर्माण व्यवसायी | ८००० |
| ११.३ | न.पा.मा प्रधान कार्यलय भएका ग वर्गका निर्माण व्यवसायी | ६००० |
| ११.४ | न.पा.मा प्रधान कार्यलय भएका घ वर्गका निर्माण व्यवसायी | ४००० |
| ११.५ | विदेशी निर्मंण कम्पनी तथा परामर्श दाता | २०००० |
| ११.६ | भवन निर्माण व्यवसायी मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | २००० |

| कोड | विवरण | दर/रकम |
|---|---|---|
| ११.७ | भवन निर्माण व्यवसाय मात्र | १५०० |
| ११.८ | सटरिङ्ग मिक्सचर भएको | १५०० |
| ११.९ | मिक्चर सामान मात्र भएको | ८०० |
| ११.१ | सटरिङ्ग सामान मात्र भएको | ८०० |
| ११.११ | वाटर ड्रिलिङ्ग | ८०० |
| १२ | अन्य सेवा तथा व्यावसाय | |
| १२.१ | सरसफाई तथा प्लम्विङ | |
| १२.१.१ | सेनेटरी सेवा | १५०० |
| १२.१.२ | प्लम्विङ्ग सेवा | १००० |
| १२.२ | सेवा उद्योग | |
| १२.२.१ | अफसेट प्रेस | ३००० |
| १२.२.२ | स्किन प्रिन्ट प्रेस | १५०० |
| १२.२.३ | लेजर/फ्लेक्स प्रिन्ट | १५०० |
| १२.२.४ | सिनेमा हल | ५००० |
| १२.२.५ | फिल्म डिष्ट्रिव्युटर्स | २५०० |
| १२.२.६ | कलर ल्याव सेवा | १५०० |
| १२.२.७ | भिडियो मिक्सिङ्ग | १५०० |
| १२.२.८ | फोटो स्टुडियो | १००० |
| १२.२.९ | संस्थागत पेन्टर्स | १००० |
| १२.३ | अन्य सेवा | |
| १२.३.१ | वैदेशिक सेवा परामर्शदाता | २००० |
| १२.३.२ | वैदेशिक सेवा शाखा कार्यालय | १५०० |
| १२.३.३ | श्रमिक सेवा परामर्शदाता | १५०० |
| १२.३.४ | सामान सहित सेवा परामर्श दाता | १५०० |
| १२.३.५ | सेक्रेटरियल सेवा | १००० |
| १२.४ | गैर सरकारी संस्था | |
| १२.४.१ | अन्तराष्ट्रिय संस्था | २०००० |
| १२.४.२ | राष्ट्रिय संस्था एक जिल्ला भन्दा बढी कार्यक्षेत्र | १५००० |
| १२.४.३ | न.पा. कार्यक्षेत्र भएको | २००० |
| १२.७ | माथि उल्लेखित नभएका व्यवसायको हकमा | |
| १२.७.१ | ठूला उद्योग | १००० |
| १२.७.२ | मझौला उद्योग | ८०० |
| १२.७.३ | साना उद्योग | ५०० |

**नोटः**

क) आन्तरिक राजस्व कार्यालयबाट स्थाई लेखा नं. लिएका तर वार्षिक रुपमा कर चुक्ता नलिई बसेका व्यवसायहरुलाई आन्तरिक राजस्व कार्यालयले बक्यौता करमा विशेष छुटको अवसर दिई वा नदिई कर चुक्ताको लागि आव्हान गरेमा यस प्रयोजननको लागि वडाबाट सिफारिस दिनुपरेमा आ.व. ०७४/०७५ देखिको व्यवसाय कर लिएर मात्र सिफारिस दिनुपर्नेछ ।

ख) व्यवसाय कर तिर्ने दायित्व भएका कुनै करदाताले आफ्नो व्यवसाय बन्द गनुपर्ने भएमा तोकिएको दरमा चालु आर्थिक वर्ष भन्दा अगाडिको सम्पूर्ण कर र सो करमा लाग्ने हर्जाना चुक्ता गर्नुपर्नेछ । तर चालु आर्थिक वर्षको आश्विन मसान्त भित्र बन्द गरेमा चालु आ.व.मा लाग्ने करको २५%, पौष मसान्त भित्र बन्द गरेमा ५०% र तत्पश्चात बन्द गरेमा सबै कर चुक्ता गर्नुपर्नेछ ।

**ख.उद्योग व्यवसाय दर्ता प्रयोजनका लागि श्रेणी वर्गीकरण :**

| स्थिर पुंजी | श्रेणी | कैफियत |
|---|---|---|
| रु ५ लाखसम्म | घ श्रेणी | |
| रु ५ लाख १ देखि ३० लाखसम्म | ग श्रेणी | |
| रु ३० लाख १ देखि ५० लाख सम्म | ख श्रेणी | |
| रु ५० लाख १ देखि माथि | क श्रेणी | |

**ग.उद्योग तथा व्यवसाय सुचिकृत दर्ता/ ठाउँसारी/नामसारी शुल्क :**

| श्रेणी | दर्ता/सुचिकृत | ठाउँसारी | नामसारी | कैफियत |
|---|---|---|---|---|
| घ | २०००।- | ५००।- | १०००। - | |
| ग | २५००।- | १०००।- | २०००।- | |
| ख | ३५००।- | १५००।- | ३०००।- | |
| क | ४५००।- | २०००।- | ४०००।- | |

**नोटः**

क. मन्टेश्वरी दर्ताको लागि रु. २००००।-
ख. प्रा.लि. मा दर्ता भएका सम्पूर्ण व्यवसायको दर्ता तथा सूचीकृत शुल्क रु. ५०००।- लाग्नेछ ।
ग. कृषिजन्य उत्पादनमूलक व्यवसायको लागि दर्ता शुल्क रु. १०००।- मात्र र कृषिजन्य उत्पादनमूलक व्यवसायमा वार्षिक कर छुट दिइनेछ । दर्ता तथा सूचीकृत भई सकेका उद्योग व्यवसायको वार्षिक कर बुझाएपछि नविकरण शुल्क लिइने छैन ।
घ. माथि उल्लेखित एक वा बढी शिर्षकमा व्यवसाय दर्ता भई पुनः व्यवसाय थप गर्दा व्यवसाय थप शुल्क रु ५०० लाग्नेछ।

**घ. मुलुकि देवानी संहिता २०७४ बमोजिम ५० हजार भन्दा बढिको लेनदेन सम्बन्धि कागज वडाध्यक्षको रोहवरमा तमसुक गर्दा लाग्ने शुल्क रु. २००।—**

**अनुसूची — ५**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

**दफा २(७) संग सम्बन्धित**

नगरपालिकाले कार्यविधि बनाई तोकिएको दररेटमा जडिबुटी, कवाडी र जीवजन्तु कर लिन सक्नेछ ।

**अनुसूची — ६**

## दफा २(८) संग सम्बन्धित
## सवारी साधन कर

**क**) सवारीको किसिम र करको दर

| सि.नं. | **सवारीको विवरण** | **बार्षिक**(रु.) |
|---|---|---|
| १ | ई रिक्सा | ५०० |
| २ | टेम्पो | ८०० |

**अन्य सवारी साधनको हकमा प्रदेश कानून अनुसार हुनेछ ।**

**ख) ई रिक्सा तथा रिक्सा दर्ता ,नामसारी दस्तुर**

| सि.नं | विवरण | दर्ता | नविकरण | नामसारी |
|---|---|---|---|---|
| क. | विद्युतिय रिक्सा (ई रिक्सा) | ३०० | १०० | २०० |
| ख. | रिक्सा | २०० | १०० | २०० |
| ग | टेम्पु | ५०० | १०० | २०० |
| घ. | प्रति व्लु बुक | | | १०० |

## अनुसूची — ७
## दफा २(९) संग सम्बन्धित
## विज्ञापन कर

| **क्र.स.** | **विवरण** | **२०८०/०८१ (प्रति वर्गफिट )** | |
|---|---|---|---|
| | | **पटके ( रु. )** | **बार्षिक ( रु. )** |
| १ | होडिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठुला विद्युतीय | – | ६०।- |
| २ | ग्लो साइन बोर्ड,डी.पी.एस.बोर्ड आदि | – | ६५।- |
| ३ | भित्ते लेखन | – | २५।- |
| ४ | तुल, व्यानर | – | २५।- |

नोटः

कुनै पनि प्रकारका विज्ञापन गर्दा नगर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

- सडकको ८२ फिट भित्र कुनै पनि प्रकारका विज्ञापनका होडिगंबोर्ड राख्न पाइने छैन ।
- नेपाल सरकार र प्रदेश सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन्। ।
- यातायात सवारीका साधनहरुको विक्री प्रयोजनकालागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी लिईने छ ।
- नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमूलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईने छैन्। ।
- स्वीकृति नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने, स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत–प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिने छ ।
- पटके समयावधि भन्नाले बढीमा १ महिनासम्मका लागि स्वीकृत प्राप्त समयावधिलाई मानिने छ ।
- विज्ञापन गर्नेले स्वीकृत समयावधी समाप्त हुँदा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्ने । उक्त विज्ञापन स्वयंले नहटाएमा वा नमेटाएमा मेटाउदा/हटाउदा लाग्ने खर्चको दोब्बर दस्तुर सम्वन्धित पक्षबाटै असुल उपर गरिने छ ।

- विज्ञापनकर्ताले यस ठेक्का ठेकेदारसंग अनिवार्य रुपमा अनुमति लिएर मात्र नगरपालिका क्षेत्रभित्र विज्ञापन सामग्री राख्नुपर्नेछ । कसैले यसप्रकारको अनुमति नलिई राखेको पाईएमा ठेकेदारले यस्ता विज्ञापन सामग्री हटाउन सक्नेछ । यदि स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत हर्जाना लिएर स्वीकृति दिन सक्नेछ।
- विभिन्न संघसंस्थाबाट हुने सेवामूलक प्रचारप्रसारका सामग्रीमा उल्लेखित दरमा ५०% छुट दिनुपर्नेछ ।
- व्यापार व्यवसाय वा कार्यालयको परिचयपाटीमा विज्ञापन कर लिन पाईनेछैन । परिचय पाटीको आकार अधिकतम ४० वर्गफुट सम्मको हुनेछ ।
- चालक तथा यात्रुहरुको ध्यान खिच्ने, आँखा तिरमिराउने र भद्दा तथा भट्किला खालका विज्ञापन सामग्री राख्न पाईनेछैन ।

## अनुसूची-८

## दफा २(१०) संग सम्बन्धित

## मनोरञ्जन कर

क. मेला, महोत्सव, सर्कस, खेल तमासा, जादु, चटके तर्फः नगरपालिका क्षेत्र भित्र संचालनमा रहने पिकनिक स्थल, उद्यान, पार्क ईत्यादीहरुमा टिकट मुल्यको २० प्रतिशतका दरले मनोरञ्जन कर लिइनेछ ।

## अनुसूची – ९

## दफा २(११) संग सम्बन्धित

## वहाल विटौरी शुल्क

क. नगरपालिकाको (१-१०)

| सि.नं | पसलको विवरण | बुधवारे विशालनगर | शुक्रवारे प्रगती वजार | सोमवार वजार सितलनगर | मंगलवारे भलुही | मंगलवारे विर्ता | आईतवारे पेटवानिया/ चरङ्गे बजार |
|---|---|---|---|---|---|---|---|
| | | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. |
| १ | कुखुरा खसी ,माछा, मासु पसल | ९० | १२० | १२० | ९५ | ९० | ६० |
| २ | सिद्रा पसल | ३५ | ५० | ४० | ३० | ३० | ३० |
| ३ | माछा, मासू सहितको नास्ता पसल | ६० | ९५ | ९० | ६० | ६० | ५० |
| ४ | चियानास्ता पसल | ३० | ५० | ५० | ३५ | ३० | २० |
| ५ | स्टील, प्लाष्टिकका भाँडा पसल | ५० | ६० | ६० | ४० | ३० | २० |
| ६ | कपडा, रेडिमेट फेन्सी,किराना, बिसाता, श्रृगार पसल | ५५ | ६५ | ६५ | ५० | ५० | २५ |
| ८ | फलफुल पसल | ४० | ९० | ६० | ५० | ३५ | २० |
| ९ | छाता, लाइटर, स्टोभ, कूकर आदी मर्मत पसल | ३५ | ५० | ५० | ४० | ३० | २० |
| १० | ठूलो परिमाणमाआउने तरकारी | ४० | ६५ | ६५ | ४० | ३५ | २० |
| ११ | किसान स्वयंमले ल्याउने हरियो सागसब्जी | ३० | ४० | ४० | ३५ | ३० | २० |
| १२ | माटाका भांडा विक्री पसल | ३० | ५० | ४० | ३५ | ३० | १० |
| १३ | चाट, फुल्की, सोडा, सर्वत पसल | ३५ | ६० | ६० | ४० | ४० | २० |

| सि.नं | पसलको विवरण | बुधवारे विशालनगर | शुक्रवारे प्रगती वजार | सोमवार वजार सितलनगर | मंगलवारे भलुही | मंगलवारे विर्ता | आईतवारे पेटवानिया/ चरङ्गे बजार |
|---|---|---|---|---|---|---|---|
| | | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. |
| १४ | अण्डा पसल | २५ | ३५ | ३५ | २५ | २५ | २० |
| १५ | हास, कुखुरा, परेवा प्रति टोकरी | ३० | ६० | ६० | ३५ | ३५ | २० |
| १६ | खसि, बोका प्रति गोटा | ४० | ६० | ६० | ४० | ३५ | २५ |
| १७ | घुम्ति सैलुन | ३० | ४० | ४० | ३५ | २५ | २० |
| १८ | जुत्ता मर्मत पसल | ३० | ४० | ४० | ३५ | ३० | २० |
| १९ | औषधी, जडीबुटी पसल | ४० | ८० | ६० | ३५ | ४० | २० |
| २० | चिठ्ठा, उपहार, खेल, चटक, तमासा | ५० | ८० | ५० | ३० | ४० | २० |
| २१ | उखु पेली रस विक्री गर्ने पसल | ३५ | ६० | ६० | ३५ | ४० | २० |
| २२ | खाद्यन्न तथा किराना | ४० | ६५ | ६० | ३५ | ४० | २५ |
| २३ | जुत्ता चप्पल पसल | ३० | ६० | ६० | ४० | ३० | २० |
| २४ | चाउमिन पसल | ५० | ८० | ८० | ५० | ५० | ३५ |
| २५ | रागा तथा बंगुरको मासु पसल | ९५ | १८० | १४५ | १०० | ९० | ६० |
| २६ | थान कपडा | ४० | ९० | ८० | ३५ | ५५ | ३५ |
| २७ | सुर्ती तथा पान पसल | ५० | ६० | ६० | ५० | ५० | ५० |
| २८ | मसला,दाल,गेडागुडी पसल | ६० | ६५ | ६५ | ६० | ६० | ६० |
| २९ | आलु प्याज पसल | ६० | ६५ | ६५ | ६० | ६० | ६० |
| ३० | अन्य पसलहरू | ५० | ६० | ५० | ६० | ५० | ३५ |

**ख) सदोनिया हाटबजार (देवदह ११) को सेवा शुल्क :**

| क्र.स. | पसलको विवरण | दर | क्र.स. | पसलको विवरण | दर | क्र.स. | पसलको विवरण | दर |
|---|---|---|---|---|---|---|---|---|
| १ | कपडा पसल (क) श्रेणी | ७० | २३ | मम, चाउमिन आदि | ३५ | ४५ | प्याज आलु | ४० |
| २ | कपडा (ख) श्रेणी | ४५ | २४ | चुरा पसल | २५ | ४६ | मकै | २० |
| ३ | किराना पसल | ४५ | २५ | सेकु प्रति दर्जन | २५ | ४७ | आलुको विउ | २० |
| ४ | चमल खुदी | २५ | २६ | डालो सुपो भकारी | २५ | ४८ | पाउरोटि आदि | २५ |
| ५ | माछा पसल | ६५ | २७ | माटोको भाडा पसल | २५ | ४९ | जडिवुटि पसल | २० |
| ६ | कछुवा | ६५ | २८ | सुन चादी पसल | ४० | ५० | धार सान लगाउने पसल | २० |
| ७ | तमाखु सुर्ति भुक्कड तथा पान पसल | ६५ | २९ | लुगा सिउने दर्जि | २५ | ५१ | डडेर भाडा टाल्ने | २० |
| ८ | सिद्रा माछा | ३५ | ३० | जुत्ता चप्पल पसल | ३५ | ५२ | खेल प्रदर्शनी | ३५ |
| ९ | हरियो तरकारी प्रति पेटी | १५ | ३१ | विउ विजन पसल | ३५ | ५३ | सोडा सर्वत | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | हरियो तरकारी प्रति बोरा | २५ | ३२ | किताब पसल | ४० | ५४ | भेली | २५ |
| ११ | तेल विक्री पसल | ३५ | ३३ | भुटुवा मासु पसल | २० | ५५ | हरियो खुर्सानी | २५ |
| १२ | मिठाइ पसल | ४० | ३४ | सुन्तला प्रति डोका | २० | ५६ | जुत्ता सिलाउने | २० |
| १३ | तरकारी पसल | ३५ | ३५ | चामल दाल मुसुरो | ४० | ५७ | कुचो प्रति भारी | २० |
| १४ | खसीको मासु पसल | १३५ | ३६ | आप २५ के.जि.सम्म | २५ | ५८ | कटहर | २५ |
| १५ | सुंगुर बुंगुरको मासु पसल | १३५ | ३७ | आप २५ के.जि. माथि | ५० | ५९ | विरुवा विक्रि | ३५ |
| १६ | रांगाको मासु पसल | १३५ | ३८ | वर्षाति बिक्री | ३५ | ६० | तामाको तरकारी | ३५ |
| १७ | कुखुराको मासु पसल | ६० | ३९ | छाता लाईट मर्मत | २५ | ६१ | पितलका गहना पसल | २५ |
| १८ | विसाताको मासु पसल | २५ | ४० | चटर मटर चिया | २५ | ६२ | घडि रेडियो र अन्य सामान विक्रि | ३५ |
| १९ | धातुको भाडा वर्तन पसल | ४० | ४१ | मोमफलि बदाम | २५ | ६३ | घडि मर्मत | २५ |
| २० | नाउ हजाम | २० | ४२ | हाँस कुखुरा प्रति गोटा | १५ | ६४ | उल्लेख नभएका अन्य वस्तु | ५० |
| २१ | हर्दि  केरा प्रति टोकरी | २० | ४३ | तहजिया कागज | २० | | | |
| २२ | खाद्य पदार्थ खुम्चा पसल | ३५ | ४४ | **भुजा चना** | २० | | | |

- हाटबजार पसल कर १२ फिट मोहडाका लागि उपरोक्त उल्लेखित दर कायम गरिएको छ। सो भन्दा माथि प्रति फिट  रु १० थप रकम लिईनेछ।
- सेड/टहरा भित्र बस्ने पसलको हकमा तपशिल हुने छ।
  १. अनुसुची ८ बमोजिमको तोकिएको दररेटमा रु.१ देखि ५० सम्म थप रु १० लिइनेछ ।
  २. अनुसुची ८ बमोजिमको तोकिएको दररेटमा रु. ५० देखि माथि थप रु २० लिइनेछ ।

## अनुसूची — १०
## दफा २(१२) संग सम्बन्धित
## पार्किङ्ग शुल्क

नगरपालिकाले कार्यविधि बनाई तोकिएको दररेटमा पार्किङ्ग कर लिन सक्नेछ ।

## अनुसूची — ११
## दफा २(१३) संग सम्बन्धित
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

नगरपालिकाले कार्यविधि बनाई तोकिएको दररेटमा जडिबुटी, कवाडी र जीवजन्तु कर लिन सक्नेछ ।

## अनुसूची — १२
## दफा २(१४) संग सम्बन्धित
## सेवा शुल्क, प्राकृतिक श्रोत व्यवस्थापन शुल्क तथा दस्तुर

१.मूल्याङ्कन सेवा दस्तुरः



देवदह नगरपालिका

क. आयश्रोत मूल्याङ्कन सिफारिस दस्तुर प्रति लाख रु १२०।- (०.१२ प्रतिशत) का दरले लिईनेछ :

ख. सम्पति मूल्याङ्कन सिफारिस शुल्कः

अ)मूल्याङ्कन प्रमाणित (सिफारिस सेवा शूल्क प्रति हजार रु. १ का दरले लिइनेछ । तर वैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

आ) घर जग्गाको मूल्याकंन सम्पति करको दर बमोजिम हुनेछ ।

२. सार्वजनिक शौचालय उपयोग सेवा शुल्क (प्रति पटक)

| सि.नं. | विवरण | २०८०/०८१ (रु.) |
|---|---|---|
| १ | पिसाब गर्दा | ५ |
| २ | दिशा, प्रति व्यक्ति | १० |
| ३ | नुहाउंदा प्रति व्यक्ति | २५ |

३. नक्सा पास दस्तुर

क) घर नक्सा पास निवेदन फाराम रु ५००।-

ख) नक्सा पास दस्तुर प्रति वर्ग फिट

अ) नया“ घरको हकमाः

१) पूर्व पश्चिम लोकमार्गको हकमा — रु ६।-

२) पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ ५०० मिटर सम्मको हकमा- रु ५।-

३) देवदह रिङरोडको हकमा — रु ४.५।-

४) धकधई खैरेनी सडकको हकमा- रु ४.५।-

५) बुद्ध सर्किट मार्गको हकमा- रु ४.५।-

६) भलुहीदेखि भूपु सैनिक मार्ग- रु ४.५।-

७) ढेकावर पेटवनिया, सिक्टहन, सुक्रौली मार्ग- रु ४.५।-

८) भवानीपूर विजयपूर सडकको हकमा- रु ४.५।-

९) ढेकावरदेखि राजावारी, विर्ता हुदै प्रगतिनगर जाने बाटोको हकमा- रु ४.५।-

१०)सिक्टहनदेखि शंकरपूर रेहरा, रामपूर चोकसम्मको बाटोको हकमा- रु ४.५।-

११) लोकमार्ग छोएर/भएर जाने अन्य सडकको हकमा- रु ४.५।-

१२) अन्य सम्पूर्ण सडकको हकमा- रु ४।-

नोट-

**ख). पुराना घरको हकमा :**

| वडा नं. | धकधई खैरेनी सडक | सितलनगर मणिग्राम सडक | ढेकावर रामनगर सडक | भवानीपुर विचैयापुर सडक | अन्य सबै बाटो |
|---|---|---|---|---|---|
| १ | रु.३.५।- | - | - | - | रु.३।- |
| २ | रु.३.५।- | - | रु.३.५।- | - | रु.३।- |
| ३ | रु.३.५।- | रु.३.५।- | - | - | रु.३।- |
| ४ | रु.३.५।- | रु.३.५।- | - | रु.३।- | रु.३।- |

देवदह नगरपालिका

| | लोक मार्ग | हाईवे दाया बाया ५०० मिटरसम्म | हाईवे दाया बाया ५०० मिटर माथि अन्य बाटो | अन्य सबै बाटो | - |
|---|---|---|---|---|---|
| ५ | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| ६ | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| ७ | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| ८ | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| ९ | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| १० | रु.५।- | रु.४।- | रु.३.५।- | रु.३।- | - |
| ११ | - | - | - | - | रु.३।- |
| १२ | - | - | - | - | रु.३।- |

**नोटः**

१. माथि उल्लेख गरिएका दुई वा सो भन्दा बढि सडकहरुको मापदण्ड भित्र नक्सापास प्रकृया पर्न गएको हकमा अधिकतम दररेट भएको सडकको मापदण्ड अनुरुप राजस्व दररेट कायम गरिनेछ ।

२. व्यवसायिक भवनको हकमा माथि उल्लेख गरिएका दररेटमा थप एक रुपैया थप गरी राजस्व दररेट कायम गरिनेछ।

३. घर नक्शा पास दस्तुर न्युनतम रु. ३०००।- लिइनेछ ।

४.नक्सा पासको लागि आंशिक शुल्क बुझाएका तर नक्सा पासको प्रमाण लिइ नसकेका घरहरुको हकमा पहिले बुझाएको रकम कटाई बाँकी रकम लिई नियमानुसार नक्सा पास गर्ने ।

५.नक्सा पासका लागि प्रक्रियामा नआएका घरको हकमा आगामी वर्षदेखि र नक्सा पास भएका घरहरुको हकमा नक्सा पास भएको मितिलाई आधार मानी ह्रास कट्टी गर्ने ।

६.नक्सा पासको म्याद भित्र (२ वर्ष) म्याद थप गर्न आएमा तत्कालिन आ.ब.को राजस्व दर अनुसारको जम्मा राजस्व रकमको ५ प्रतिशत थप शुल्क र २ वर्ष पछि ४ वर्ष नकट्दै आएमा ५० प्रतिशत थप दस्तुर लिइ म्याद थप गर्ने।

७.सम्पन्न/अभिलेख प्रमाण पत्र दिइसकेको घरको कि.नं. शंशोधन गर्नुपर्ने हकमा हालको राजस्व दररेटमा थप १० प्रतिशत राजस्व रकम लिई नक्सा संसोधन गर्ने ।

८. नगरपालिका घोषणा पश्चात इजाजत नलिई निर्माण कार्य सम्पन्न गरिसकेपछि मात्र नक्सा पासको प्रक्रियाको लागि पेश हुन आएको नक्साको हकमा नयाँ नक्सा पास दस्तुरको ३०० प्रतिशत थप दस्तुर लाग्ने र अभिलेखीकरण गर्ने ।

९.नक्सा पास प्रक्रियाको लागि पेश भएको तर स्विकृति विना एक चरण अगाडिको कार्य मापदण्ड वमोजिम सम्पन्न गरेमा प्रति वर्ग फिट थप रु २ र प्लिन्थ लेभल स्विकृति लिएको तर सुपरस्ट्रक्चर को स्विकृति नलिएको अवस्थामा प्रति वर्ग फुट रु १.५ लिने ।

१०.नक्सा सम्पन्नको प्रतिलिपी लिन आएमा रु ५००/- लिने ।

११.नक्सा नाम सारीः पारिवारिक नामसारी गर्दा रु १०००।- र अन्य को हकमा प्रति वर्ग फिट रु २ का दरले लिने।

१२.राष्ट्रिय भूमि आयोग र राष्ट्रिय आवास कम्पनीबाट जग्गाधनि पूर्जा वितरणको प्रकृयामा रहेका अव्यवस्थित जग्गाभित्र निर्माण भइसकेका घरको हकमा घर सूचिकृत प्रकृया र यस प्रकृतिको जग्गाभित्र नयाँ घर निर्माण गर्दा सुरक्षित र भूकम्प प्रतिरोधी घर निर्माणको सुनिश्चितताका लागि घरनक्सा शाखामा घर सूचिकृत प्रकृया अबलम्बन गर्ने । सोका लागि आवश्यक दररेट र प्रकृया नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

५.चारकिल्ला सिफारिस दस्तुरः
क.चारकिल्ला सिफारिसमा न्यूनतम रु. ५००।- मा नघट्ने गरी मालपोत कार्यालयले तोकेको मूल्यांकनको ०.२५ प्रतिशतले लिईनेछ । दर्ता फाँडी प्रयोजनको समेत सोहि शुल्क लिनेछ।
ख)बैकिङ्ग प्रयोजनको लागि भने मालपोत कार्यालयले तोकेको मूल्यांकनको आधारमा निम्नानुसार लिईनेछ।

| क.स. | विवरण | तोकिएको दर (रु.) |
|---|---|---|
| १ | १ लाख देखि २५ लाख सम्म | ५००/- |
| २ | २५ लाख देखि ५० लाख सम्म | १०००/- |
| ३ | ५० लाख देखि १ करोड सम्म | १५००/- |
| ४ | १ करोड देखि माथि | २०००/- |

ग) अंशवण्डा एवं उद्योग दर्ता सिफारिस प्रयोजनका लागि रु ५०० ।—
घ) बकसपत्र प्रयोजनका लागि रु १०००।- (महिलालाई बकसपत्र दिने प्रयोजनमा ५० प्रतिशत छुट दिईनेछ ।
नोट १. चौकील्ला सिफारिसमा नक्शा (व्लू प्रिन्ट/फाइल नक्सा) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
२. बैकबाट पत्र प्राप्त भएको खण्डमा कृषि प्रयोजनकोलागि मुल्यको ५० प्रतिशत छुट दिईनेछ ।

**७.अन्य दस्तुरः दरभाउ पत्र वा बोलपत्र प्रति फारम दस्तुर प्रचलित ऐन नियममा उल्लेख भए अनुसार हुने ।**

**८) निशुल्क सिफारिसः**

- नागरिकता सिफारीस
- न्यायिक समितिमा पर्न आउने, फिराद, प्रतिउत्तर लगायतका निवेदन दर्ता शुल्क
- यस नगरपालिका भित्रका गरिने आन्तरिक सिफारिस
- सामुदायिक विद्यालय प्रमाणित
- कमजोर आर्थिक अवस्था
- विपद्
- अपाङ्गता, स्वास्थ्य उपचार सिफारिस/प्रमाणित ।

**९.सिफारिस दस्तुरः**

| क.सं. | विवरण | दस्तुर (रु.) | क.सं | विवरण | दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | निवेदन दस्तुर | १० | १७ | थ्रिफेज लाईन जडान २० हर्सपावर | १००० |
| २ | नागरिकताको प्रतिलिपी सिफारिस | २०० | १८ | थ्रिफेज लाईन जडान २० हर्स पावर भन्दा माथि | २००० |
| ३ | स्वदेशका लागि गरिने सामान्य सिफारिस | २०० | १९ | थ्रिफेज लाईन जडान १० हर्स पावरसम्म | ५०० |
| ४ | बैबाहिक सम्वन्धवाट अंगीकृत नागरिकता सिफारिस | २०० | २० | ट्रान्सफर्मर जडान वा ठाउँसारी सिफारिस | २००० |
| ५ | | ५०० | २१ | साविक फिल्डबुक प्राप्त जग्गाको हकभोग दर्ता सिफारिस ५ | २५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जग्गावालाको मृत्युबाट हक कायम प्रयोजनका लागि | | | ५ कट्ठा भन्दा माथि प्रतिकट्ठा थप | ५०० |
| ६ | वैदेशिक सिफारिस वा पेन्सन सिफारिस | ५०० | २२ | घरयासी प्रयोजनार्थ विद्युत सिफारिस | २०० |
| ७ | वैदेशिक सिफारिस अंग्रेजिमा | ५०० | २३ | रोक्का फुकुवा सिफारिस | १०० |
| ८ | ठेक्का अनुभव प्रमाणित | १०० | २४ | संघ संस्था दर्ता अनुमती | १००० |
| ९ | पानी जडान सिफारिस | १०० | २५ | संघ, संस्था नविकरण सिफारिस | ५०० |
| १० | घर, गोठ सिफारिस—सम्पत्ति करको मुल्याङ्कनको | ३०० | २६ | उद्योग सिफारिस | १००० |
| ११ | बसोवास, जन्म, नाम छुट, उमेर प्रमाणित | ३०० | २७ | सामुदायिक आधारभुत विद्यालय अनुमति सिफारिस दस्तुर | २००० |
| १२ | नाता तथा व्यक्ति प्रमाणित | ३०० | २८ | सामुदायिक माध्यमिक विद्यालय अनमति दिदा | ५००० |
| १३ | राहदानी सिफारिस | ५०० | २९ | संस्थागत माध्यमिक विद्यालय अनमति दिदा | १२००० |
| १४ | विभिन्न कागजात प्रमाणिकरण गर्दा काउन्सील | ५०० | ३० | संस्थागतको १ देखि ५ कक्षा सम्म कक्षा थप अनमती दस्तर | ५००० |
| १५ | तोकिएको वाहेक अन्य जग्गा सम्वन्धी सिफारिस | १०० | ३१ | संस्थागतको ६ देखि ८ सम्म कक्षा थप अनुमती दस्तुर प्रती कक्षा | ८००० |
| | | | ३२ | ३.संस्थागतको ९ देखि १० कक्षा सम्म कक्षा थप अनुमती दस्तुर प्रती कक्षा | १०००० |
| १६ | **संस्थागत विद्यालय स्थानान्तरण** | | ३३ | ४.संस्थागतको ११ देखि १२ कक्षा सम्म कक्षा थप अनुमती दस्तुर प्रती कक्षा | १५००० |
| १६.१ | **नगरपालिका भित्र (आन्तरिक)** | | ३४ | ५.संस्थागतको ११, १२ कक्षामा विषय थप दस्तुर | १०००० |
| क. | पूर्व -प्राथमिक तह | १०००० | ३५ | ग्रेड सिट प्रतिलिपी | १०० |
| ख. | आधारभूत तह | ३५००० | ३६ | ग्रेड सिटमा नाम थर जन्म मिति संसोधन | १०० |
| ग. | मा.वि. तह | ५०००० | ३७ | पुनर्योग प्रति विषय | १०० |
| १६.२ | **अन्य स्थानीय तहबाट** | | ३८ | मेडिकल कलेज दर्ता नविकरण सिफारिस | २०००० |
| क. | पूर्व -प्राथमिक तह | २०००० | ३९ | प्राविधिक शिक्षालय दर्ता नविकरण सिफारिस | ५००० |
| ख. | आधारभूत तह | ५०००० | ४० | शेषपछिको वकसपत्र सिफारिस | १५०० |
| ग. | मा.वि. तह | ७५००० | ४१ | विविध (आवेदन शुल्क संस्थागत) | ५०० |

**<u>नोटः—</u>**

क. सबै किसिमको सिफारिसमा पर्यटन विकास शुल्क रु. ५०/- थप लिई पर्यटन विकास कोषमा आम्दानी बाधिने छ र उक्त कोषको रकम कार्यविधी बनाई संचालन तथा व्यवस्थापन गरिनेछ ।

ख. भूमि सम्बन्धी समस्या समाधान आयोग/राष्ट्रिय भूमि आयोगबाट दिईएको निवेदन दर्ता निस्साको प्रतिलिपिको हकमा रु. १००/- र अन्य अभिलेखको प्रतिलिपि लिनुपर्दा प्रति अभिलेख रु. २०/- लिइनेछ ।

ग. कक्षा ८ को परिक्षाको शुल्क सामुदायिक विद्यालयको हकमा निःशुल्क हुनेछ । संस्थागत विद्यालयको हकमा भने नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ. स्थानीय पाठ्यपुस्तकको मुल्य संस्थागत विद्यालयको हकमा छपाई खर्च बराबर हुनेछ ।

**ङ. जग्गा पून: नापी सिफारीस सम्बन्धमा ।**

यस नगरपालिका भित्रका हाल जग्गाको भोगचलन र नापनक्सा नमिलेका कारण घरको नक्सा पास लगायत विविध विषयमा पर्न गएको समस्या समाधान गरी भोगचलन नापनक्सा र श्रेस्ता मिलानको कार्यलाई व्यवस्थित गराउन पून:नापी प्रयोजनार्थ वडा कार्यालयबाट सेवाग्राहीलाई उपलब्ध गराउने सिफारिसमा तपशिल बमोजिम जग्गाको वर्गिकरण गरी देहाय अनुसारको सिफारिस शुल्क/दस्तुर लाग्नेछ।

| | |
|---|---|
| क. मुख्य लोकमार्गको दाँयाबाँया | प्रति धुर रु २००।- |
| ख. मुख्य लोकमार्गसँग जोडिएको भित्री मुख्य पक्कि सडक | प्रति धुर रु १५०।- |
| ग. लोकमार्गसँग जोडिएको पक्कि सडक | प्रति धुर रु १००।- |
| घ. लोकमार्गसँग जोडिएका सडकसंग जोडिएका भित्री सडक | प्रति धुर रु ५०।- |
| ङ. निकास नभएका खेत | प्रति धुर रु २५।- |

## ९. जग्गा प्लटिङ्ग

| क.स. | जग्गाको विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | हाईवे मोहोडा हुनेगरि प्रतिकठ्ठा | १०,००० | जग्गा प्लटिङ्ग गर्न मापदण्ड बमोजिम नगरपालिकाको सिफारिस लिनुपर्नेछ। |
| २ | हाईवे देखी ५०० मि. सम्म पक्कि बाटो मोहोडा प्रतिकठ्ठा | ७,५०० | |
| ३ | ५०० मि. भन्दा भित्रि पक्कि बाटो मोहोडा प्रतिकठ्ठा | ५००० | |
| ४ | भित्रि कच्चि बाटो मोहोडा प्रतिकठ्ठा | ३,५०० | |

**नोटः भु-उपयोग नीति अनुसार जग्गाको बर्गिकरण गरि कृषियोग्य भुमिमा प्लटिङ गर्न रोक लगाइनेछ। आवास योग्य भुमिमा मात्र प्लटिङ गर्न दिइनेछ।**

## १०. प्राकृतिक श्रोत बिक्री तथा व्यवस्थापन शुल्क

| प्राकृतिक श्रोत बिक्री तथा व्यवस्थापन शुल्क | | भ्याट बाहेक रु. | |
|---|---|---|---|
| क) | प्राकृतिक स्रोत बिक्री- (नदिको ढुङ्गा, गिट्टी, बालुवा) प्रति घनफुट | २०.०० | उल्लेखित दरभन्दा लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत दररेट बढि भएमा स्वतः सोही दर कायम हुनेछ । |
| ख) | भस्कट (नदिबाट निकालेको) प्रति घनफुट | ८.०० | |
| ग) | दहत्तर बहत्तर प्रति के.जि. | १.०० | |
| घ) | निजी जग्गाको माटो उत्खनन् प्रति घनफूट | ३.०० | |
| ङ) | नदीजन्य पर्दाथ बोलपत्र फारम दस्तुर | ५००० | |

**११. संस्था दर्ताको अवधि, नवीकरण र दस्तुरः**

(१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाणपत्र एक आर्थिक वर्षसम्म वहाल रहने छ ।

(२) उपनियम (१) वमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारीत वा निजले तोकेको अधिकारीबाट पाँचसय रुपैंया तिरी दर्ताको प्रमाणपत्र नवीकरण गराउनु पर्ने छ ।

(३) उपनियम (२) वमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाणपत्र नवीकरणको लागि आवेदन दिन आएमा दर्ता अधिकारी वा निजले तोकेको अधिकारीबाट उपनियम (२) वमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछः-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि थप तीन महिना सम्मको लागि - रु १००/-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि - रु. २५०/-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु - ५००/- को दरले दोश्रो आर्थिक वर्षको लागि रु १०००/-

**१२. जलस्रोत सम्बन्धी व्यवस्थापन शुल्कः**

क) उपभोक्ता संस्था दर्ताको लागि दरखास्तका लागि रकम रु १०० ।-

ख) अनुमतिपत्र दस्तुरः

- खानेपानी र घरेलु उपयोग रु. २००।-
- सिंचाई रु. ४००।
- पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु. २००।-
- घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु. ४००।-
- जल यातायात रु. १,०००।-
- आमोद प्रमोदजन्य उपयोग रु. १,०००।-
- अन्य उपयोग रु. १,०००।—

ग)जलस्रोतको उपयोग बापत बुझाउनु पर्ने वार्षिक शुल्कः

- सिंचाईको हकमा
  - दुई हजार बिघासम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु. एकका दरले अधिक रु. २,०००/-
  - दुई हजारदेखि पाँच हजार बिघासम्मको जमिन सिंचाई गर्न रु. ४,०००/-
  - पाँच हजारदेखि दश हजार बिघासम्मको जमिन सिंचाई गर्न रु. १०,०००/-
  - दश हजारदेखि पन्ध्र हजार बिघासम्मको जमिन सिंचाई गर्न रु. २०,०००/-
  - पन्ध्र हजारदेखि बीस हजार बिघासम्मको जमिन सिंचाई गर्न रु. ३०,०००/-
  - बीस हजार बिघादेखि माथिको जमिन सिंचाई गर्न रु. ४०,०००/-

- खानेपानीको हकमा
  - दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २,०००/-
  - दुई हजार देखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ४,०००/-
  - पाँच हजार देखि दश हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १०,०००/-
  - दश हजार देखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २०,०००/-
  - पन्ध्र हजार देखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ३०,०००/-

- ○ बीस हजार देखि माथिको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ४०,०००/-

- ➢ कृषिजन्य उपभोगको लागि रु. १०,०००/-
- ➢ घरेलु उद्योगको लागि रु. १०,०००/-
- ➢ औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ३०,०००/-
- ➢ आमोद प्रमोदजन्य प्रयोगको लागि रु. ६,०००/-
- ➢ अन्य प्रयोगको लागि रु. १०,०००/-

## अनुसूची — १३
## दफा २(१४) संग सम्बन्धित
## फोहोरमैला व्यवस्थापन शुल्क

**फोहरमैला व्यवस्थापन शुल्कको (मासिक) दररेट :**

| क.स. | फोहोर उत्पादन क्षेत्रको विवरण | आ.ब. २०८०/०८१ (रु) | क.स. | फोहोर उत्पादन क्षेत्रको विवरणँ | आ.ब. २०८०/०८१ (रु) |
|---|---|---|---|---|---|
| १ | घरधुरी (प्रति भान्सारपरिवार) | ५० | ९ | अस्पताल तथा मेडिकल कलेज | १००० |
| २ | खुद्रा पसल | ५० | १० | पोलीक्लीनीक र नर्सिङ होम | ३०० |
| ३ | थोक पसल | ७५ | ११ | भटनरी पसल | ५० |
| ४ | ठूला होटल | २०० | १२ | सेवामूलक व्यवसाय पसल र सहकारी | १०० |
| ५ | साना होटल | १०० | १४ | विद्यालय, क्याम्पस र उच्च मा.वि. | २०० |
| ६ | खाजा घर (रेष्टुरेन्ट) | १५० | १५ | वैक तथा वित्तिय संस्था | २०० |
| ७ | तरकारी तथा फलफुल पसल | १०० | १६ | गैर सरकारी संघ संस्था | १०० |
| ८ | मासु पसल | २०० | १७ | सपिङ्ग कम्प्लेक्स/ रिसोर्टस/ पार्टि प्यालेस | ५०० |

नोटः नगरक्षेत्र भित्र फोहरमैला व्यवस्थापनको सेवा प्रवाह नभएका क्षेत्रमा पर्ने घरधुरीललाई माथि उल्लेखित शुल्क लिइने छैन । एकमुष्ट रुपमा बार्षिक फोहरमैला व्यवस्थापन शुल्क असोज मसान्त सम्म बुझाउनेको हकमा १० महिना बापतको जम्मा हुन आउने रकम बुझाई बाकीँ २ महिनाको शुल्क छुट दिइनेछ । यस शुल्क संक्लन गर्ने कार्यविधि/ प्रकृया नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची - १४
## दफा २(१५) संग सम्बन्धित
## पर्यटन शुल्क

नगरपालिकाले कार्यविधि बनाई तोकिएको दररेटमा पर्यटन शुल्क लिन सक्नेछ ।

## अनुसूची - १५
## दफा ६ संग सम्बन्धित
# दण्ड जरिवाना

१) कार्यालयको अनुमति विना वा चोरी पैठारी गरि नदी, नदी किनार, नदी उकास, खोला खहरे लगायतको सार्वजनिक जग्गाबाट ढुङगा, गिटी, बालुवा, भस्कट, मिस्कट, माटो लगायतका नदिजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाइएमा तपसिल बमोजिम दण्ड जरिवाना लिइनेछ।

क) टेक्टर रु. ३०,०००।-

ख) टिप्पर ६ चक्के रु ६०,०००।-

ग) टिप्पर १० चक्के रु ८०,०००।-

घ) स्काभेटर, जे.सि.भि लगायतका हेभी मेसिन रु १,००,०००।-

२) नदिजन्य पदार्थहरु (ढुङगा गिटी, बालुवा, भस्कट, मिस्कट, माटो लगायतका नदिजन्य पदार्थ) उत्खनन गरेको स्थान एकिन नभएमा उपदफा १ बमोजिम को जरिवाना शुल्क लाग्नेछ।

३)कुनै निजि व्यक्तिको जग्गाबाट ढुङगा गिटी, बालुवा, भस्कट, मिस्कट, माटो लगायतका पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाइएमा तपसिल बमोजिम दण्ड जरिवाना लिइनेछ ।

क) टेक्टर रु ७०००।-

ख) टिप्पर ६ चक्के रु २०,००० ।-

ग) टिप्पर १० चक्के रु ३०,००० ।-

घ) स्काभेटर, जे.सि.भि. लगायतका हेभी मेसिन रु ४०,००० ।-

४)कुनै व्यक्तिको निजी जग्गाबाट किसानले माटो सम्याउने कार्यको लागि नगरपालिकाको पूर्व सहमति लिएर काम गरेको हकमा जरिवाना लाग्ने छैन ।

नोटः माथि उल्लेख गरिएका दण्ड जरिवाना शुल्क प्राप्त गर्नमा सहयोग गरेवापत प्राप्त रकमको ३० प्रतिशत रकम सम्बन्धित प्रहरी चौकि/ प्रहरीलाई प्रोत्साहन बापत उपलब्ध गराइनेछ ।

## अनुसूची - १६
## दफा ७ संग सम्बन्धित
### विविध

१. कोशेली भवनः नगरपालिकाको स्वामित्वमा रहेको नगरपालिकाको ७ नं. वडा कार्यालयको क्षेत्रभित्रको ऐलानी जग्गामा निर्मित बहुउद्येश्यि कोशेली भवनको व्यवस्थापन तथा बहाल प्रयोजनका लागि देहाय बमोजिमको न्यूनतम बहाल मुल्य कायम गरिनेछ । सोको व्यवस्थापन नगरपालिकाको कार्यविधि अनुसार हुनेछ ।

| क्र.स. | तल्ला | प्रति वर्गफुट रु. |
|---|---|---|
| १ | भूई | ३० |
| २ | पहिलो | २५ |
| ३ | दोस्रो | २० |

२) नगरपालिकामा बार्षिक खरिद (मालसामान, निर्माण कार्य, परामर्श सेवा) योजना अन्तर्गतका कार्यका लागि सूचिकृत हुने संघ संस्था/फर्म/कम्पनी/सप्लार्यस/आपुर्तिकर्ताका लागि सूचिकृत बापत शुल्क रु १०००।— लिइनेछ । गैर नाफामुलक संस्थाहरुको हकमा भने निशुल्क सूचिकृत गरिनेछ ।

३) नगरपालिका वा सो अन्तर्गतका कार्यालयबाट संचालन भएका आयोजनाहरुमा प्रयोग भएका तथा हुन सक्ने निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण (Lab Test) गर्न देहाय अनुसारको दरले शुल्क लिइनेछ ।

| S.N. | Name of Tests | Total (Rs.) |
|---|---|---|
| **A** | **SOIL & AGREGATE** | |
| 1 | Aggregate Crushing value test | 420 |
| 2 | Aggregate Crushing value test | 320 |
| 3 | C.B.R. (soaked) | 2000 |
| 4 | C.B.R. (unsoaked) | 1720 |
| 5 | Deflection Test by Benkelman's Test | 710 |
| 6 | Flakiness index | 470 |
| 7 | Field density Rest | 640 |
| 8 | Liquid & Plastic Limit | 530 |
| 9 | Los Angeles Abrasion test | 610 |
| 01 | Measurement of Pavement Thickness | 510 |
| 11 | Organic Impurities of fine Aggregate | 480 |
| 12 | Proctor Compaction (Modified) | 1750 |
| 13 | Rapid Determination of CBR by 7 DCP | 310 |
| 14 | Specified Gravity of coarse Aggregate | 560 |
| 15 | Specific Gravity of fine Aggregate | 420 |
| 16 | Sieve Analysis | 840 |
| 17 | Sodium Sulphate Soundness (5 cycle) | 2550 |
| 18 | Sand equivalent | 970 |
| 19 | Sampling from Surface, Base, Subbase & Subgrade | 520 |
| **B** | **CEMENT & CONCRETE** | |
| 1 | Compressive strength of concrete cube | 140 |
| 2 | Making mortar cubes (50mm50mm50mm) | 350 |
| 3 | Making mortar cubes (70.7mm70.7mm70.7mm | 390 |
| 4 | Normal consistency of cement | 290 |
| 5 | Normal consistency of cement | 470 |
| 6 | Slump Test of Concrete Mix | 150 |
| 7 | Setting Time of Cement | 690 |
| **C** | **BITUMEN** | |
| 1 | Determination of Bitumen Content (2 kg. big bowl) | 4100 |
| 2 | Determination of Bitumen Content (1 kg. small bowl) | 3100 |
| 3 | Ductility Test | 570 |
| 4 | Engler Viscosity of Emulsion | 1050 |
| 5 | Flash & Fire Point | 320 |
| 6 | Viscosity | 1500 |
| 7 | Loss on Heating of asphalt | 500 |
| 8 | Penetration Test | 440 |
| 9 | Penetration of Residue | 440 |
| 01 | Resistance of Plastic Flow of Bitumen (Marshall Design) | 1350 |
| 11 | Specific Gravity | 620 |
| 12 | Solubility Test | 690 |
| 13 | Softening Test | 540 |
| 14 | Stripping Test | 670 |
| 15 | Water Content | 490 |
| 16 | Residue on Sieving of Emulsion | 760 |

| | | |
|---|---|---|
| 17 | Binder Content of Emulsion | 580 |

**<u>नोटः</u>**

नगरपालिका वा सो अन्तर्गतका कार्यालयबाट संचालन भएका आयोजनाहरुको गुणस्तर परीक्षण (Lab Test) अनिवार्य रुपमा गर्नु पर्नेछ । नगरपालिकाद्धारा ल्याब संचालनमा आइसकेपछि नगरपालिकाको ल्याबमा हुन सक्ने परीक्षणहरु पालिकाकै ल्याबमा मात्र गर्नु पर्ने निर्णय गरियो ।

४) करदाताको सुविधालाई ध्यानमा राखि कर अशुलीको लागी प्रत्येक आ.व.मा कम्तिमा एक पटक घुम्ती सेवा सञ्चालन गरिनेछ ।

५) कृषि सहकारीको हकमा व्यवसाय कर लिईने छैन । तर बचत तथा ऋण कारोबार समेत गर्ने गरि सञ्चालन भएकाको हकमा यसै ऐन बमोजिमको बार्षिक कर लाग्नेछ।

६) नगरपालिका अन्तर्गत दर्ता भएका व्यवसायीहरुलाई स्थायी लेखा नम्बर लिन प्रेरित गरिनेछ ।

७) नगरपालिकाको ब्याकहो लोडर उपभोक्ता, संघ संस्थालाई प्रयोग गर्न दिदाँ प्रतिघण्टा रु. १,०००।- र व्यक्तिगत तथा उद्योग व्यबसायीलाई प्रतिघण्टा रु. १,२००।- र इन्धन खर्च सम्बन्धित पक्षले वेहोर्ने गरी सञ्चालन गरिनेछ । नगरक्षेत्र भित्रका कृषकले खेत सम्याउने प्रयोजनका लागि लेजर लेवलर प्रयोग गर्दा प्रतिदिन रु २००।- शुल्क लाग्नेछ । नगरक्षेत्र बाहेकबाट माग भई आएमा प्रतिदिन रु १०००।- शुल्क लाग्नेछ । तर नगर प्रमुख/ उपप्रमुखले आवश्यक्ता र औचित्यको आधारमा कार्यालयबाट इन्धन सहित निःशुल्क रुपमा ब्याकहो लोडर उपलब्ध गराउन सकिनेछ ।

८) देवदह नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसंग संघीय कानून बमोजिम बिक्री मूल्यको १०% रकम लिइने।

९) सर्जमिन मुचुल्का गर्न पर्नेको हकमा रु.३००।- को राजश्व सम्बन्धित सेवाग्राहीले तिर्नुपर्ने र त्यसरी प्राप्त रकम मध्ये रु.२००।- सो कामको लागी खटिने कर्मचारीलाई उपलव्ध गराउने ।

१०) छाडा चौपाया जनावर पक्रने र व्यवस्थापनमा सहयोग गर्ने व्यक्तिलाई प्रति चौपाय रु. ३००।- उपलव्ध गराईनेछ साथै सार्वजनिक स्थलमा मरेका वेवारिसे जनावरलाई व्यवस्थापन गर्नेलाई रु १०००।- उपलव्ध गराईनेछ।

११) वेवारिसे लास व्यवस्थापन- वेवारिसे लास दाहसंस्कार तथा व्यवस्थापन गर्दा प्रति लास रु. १०,०००।- ले उपलब्ध गराईनेछ ।

देवदह नगरपालिका

आर्थिक ऐनको अनुसूची -२ दफा २(४) संग सम्बन्धित भूमि (मालपोत) कर प्रयोजनका लागि लुम्बिनी प्रदेश घर जग्गा न्यूनतम मूल्य निर्धारण समितिको मिति २०८०/०३/२४ गते बसेको बैठकबाट भएको देहायका निर्णयहरु कार्यान्वयन हुने । यस सम्बन्धी विस्तृत विवरण www.dolma.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**आ.व. २०८०/०८१ को देवदह नगरपालिकाका लागि कायम भएको न्यूनतम मूल्याङ्कन दररेट**

| साविक गा.वि.स. | हालको वडा | विवरण | इकाई | आ.व. ०८०/०८१ को लागि न्यूनतम मूल्य रु. |
|---|---|---|---|---|
| केरवानी र देवदह | १-१० | पूर्व पश्चिम लोकमार्गमा पर्ने जग्गाको | प्रति कठ्ठा | ५७९७८८०/- |
| | | भित्री पक्की सडक मोहोडामा पर्ने जग्गाको | प्रति कठ्ठा | १७५६९२०/- |
| | | भित्री ग्रावेल तथा कच्ची सडक मोहडामा पर्ने जग्गाको | प्रति कठ्ठा | ८७८४६०/- |
| | | अन्य बाटो नभएको जग्गाको | प्रति कठ्ठा | २९२८२०/- |
| सिक्टहन | ११-१२ | शंकरपुर बजारक्षेत्र सडक मोहडामा पर्ने जग्गा | प्रति कठ्ठा | १६१७०००/- |
| | | भित्री पक्की सडक मोहडामा पर्ने जग्गा | प्रति कठ्ठा | ९५३०००/- |
| | | भै.लु.भु.ज., ग्राभेल तथा कच्ची सडक मोहडामा पर्ने जग्गा | प्रति कठ्ठा | ५१३०००/- |
| | | खेतीयोग्य जग्गा | प्रति कठ्ठा | १८३०००/- |

१. नगर/गाउँपालिकाको गल्ली तथा प्रस्तावित इट्टा विच्छाएको बाटोलाई कच्ची तथा ग्रावेल वाटो सरह एंव पिसिसि/आरसिसि ढलानलाई भित्री पक्की बाटो सरह मुल्याङ्कन कायम गर्ने ।

२. कुनै क्षेत्रको मूल्याङ्कन छुटेको भए जोडिएको क्षेत्र एंव कित्ता सहरको मूल्याङ्कन कायम गर्ने ।

३. स्थानिय तहबाट बाटो नभएको भनी सिफारिस भएको तर कित्ताकाट गरि लिखत पारित हुन आउँदा ट्रेस नक्सामा बाटो कायम भएको वा लिखतमा मोहडा उल्लेख भएको तथा प्लटिङ गरिएको जग्गा देखिएमा सोही अनुसार कच्ची तथा ग्रावेल बाटोको मूल्याङ्कन कायम गर्ने ।

४. स्थानिय तहको घरबाटो तथा चारकिल्ला सिफारिस नै मूल्याङ्कनको मुल आधार भएकोले थैली अंक कायम गर्न सो सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र घर भएमा सम्बन्धित स्थानिय तहबाट घरको विवरण तथा मूल्याङ्कन समेत पेश गर्नु पर्नेछ ।

५. जुन कित्ता जग्गाको लिखत पारि गर्न घरबाटो र चारकिल्ला सिफारिस बनाएको हो सोही कित्ता बाहेकको कित्ताकाट भैसकेपछि कायम भएको अर्को कित्ताको लागि सो सिफारिस मान्य हुने छैन ।

६. गाउँव्लक (मिनहीडिह घडेरी) जग्गामा बनेको घर गोठको लिखत पारित गर्दा सम्बन्धित निकायबाट हकभोत तथा घरको मूल्य सहित चारकिल्ला सिफारिस प्रमाणित भै आए बमोजिम न्यूनतम मुल्याङ्कन कायम गर्ने ।

७. न.पा./गा.पा. बाट बाटो मात्र उल्लेख भै आएको सिफारिसमा सोही न. पा. तथा गा. पा. को अधिकतम मूल्याङ्कन कायम गर्ने ।

८. भै.लु.भु.ज. तथा नहरसँग जोडिएको सिफारिस उल्लेख भै आएमा ग्राभेल तथा कच्ची सडकको मूल्याङ्कन कायम गर्ने र पक्की भएमा भित्री पक्की अनुसार मूल्याङ्कन कायम गर्ने ।

९. घर भएको जग्गामा बाटो नदेखिएता पनि सोही क्षेत्रको ग्राभेल तथा कच्ची बाटो सरह मूल्याङ्कन कायम गर्ने ।

१०. कुलो तथा सार्वजनिक जग्गासँग जोडिएको कित्तालई चारकिल्ला सिफारिसमा बाटो नदेखिएता पनि ग्राभेल तथा कच्ची सडकको आधा मूल्याङ्कन कायम गर्ने ।

११. कुनै कित्तालाई कित्ताकाट गरि लिखत पारित भएमा कायम किताहरु मध्ये जुन कित्ता जग्गाको मूल्याङ्कन बढी देखिन आउँछ, बाँकी अरु कायमी कित्ताहरुको लागि पनि सोहि बमोजिम न्यूनतम मूल्य कायम गर्ने ।

१२. आवासिय / बसोबास तथा व्यवसायिक क्षेत्र र घडेरी / शहरी लेखिएको जग्गालाई चारकिल्ला सिफारिसमा बाटो नदेखिएता पनि ग्राभेल तथा कच्ची बाटो सरह मूल्याङ्कन कायम गर्ने ।

<u>द्रष्टव्यः</u>

१. स्थानिय तहबाट प्राप्त हुने घरबाटो चारकिल्ला सिफारिस घरबाटो व्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्त हुने राजश्व कम हुन गएमा सम्बन्धित सिफारिस गर्ने निकाय र कारणीहरु जिम्मेवार तथा जवाफदेही हुनुपर्नेछ ।

२. लिने दिनेले पेश गर्ने लिखतमा बाटो, घर, टहरा, छाप्रो, गोठ आदि भए नभएको वा खेति योग्य जग्गा हो भन्ने व्यहोरा लेखी लेखाई ऋणि धनी दुवैले सहिछाप गरि लिखत पेश गर्नुपर्नेछ ।

३. ऋणि धनिले लिखत पारित गराउँदा कार्यालयलाई समेत झुक्याई राजश्व छल्ने नियतले सडक बाटो घर भएकोलाई नदेखाई पारित गराएता पनि पछि सडक घर गोठ भएको व्यहोरा कार्यालयलाई कुनै पनि श्रोतबाट थाहा हुन आएमा नपुग राजश्व रकम समबन्धित धनीबाट असुल उपर गरिनेछ । असुल नभए सम्मका लगि निजको जुनसुकै सम्पत्ति मालपोत ऐन, २०३४ को दफा ८ (ख) बमोजिम कार्यालयले रोक्का राखी असुल उपर गर्नेछ ।

४. कुनै कित्ता जग्गा एक भन्दा बढी सडक सँग जोडिएको पाइएमा जुन सडकको मूल्याङ्कन बढी छ सोही बमोजिम न्यूनतम मूल्य कायम गरिने छ ।

५. बाटोसँग जोडिएको जग्गालाई बाटो तर्फ कित्ताकाट गरी कित्ता कायम भएको अवस्थामा सो भन्दा पछाडिको कित्ता जग्गालाई एक आर्थिक वर्षभरी बाटोमा जोडिएको कित्ता सरह मूल्याङ्कन कायम गरिने छ । (भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. ३६४४ मिति २०६९/०३/२१ गतेको परिपत्रानुसार)

६. स्थानिय तहबाट उल्लेख भई आएको भन्दा नापी वा अन्य व्यहोराबाट घर, गोठ, बाटो आदिका बारेमा कुनै पनि फरक विवरण प्राप्त भएमा सोलाई समेत आधार मानी न्यूनतम मूल्य कायम गरिने छ ।

७. नेपाल सरकारको नाममा बाटो कायम गर्दा सम्बन्धित स्थानिय तहको आवश्यक मापदण्ड अनुसार तर्फ खुलेको सिफारिस पेश गर्नुपर्नेछ ।

८. एकपटक पारित भएको लिखतको थैली अंकलाई अर्को पटक लिखत पारित गर्दा पहिलेको थैली अंकलाई न्यूनतम मूल्य मानिने छ । ( भूमिसुधार तथा व्यवस्थापन विभाग च.नं. ३६४४ मिति २०६९/०३/२१ गतेको परिपत्रानुसार)

९. स्थानिय तहको घरबाटो / चारकिल्ला सिफारिस बैंक प्रयोजनका लागि ९० दिन र अन्य प्रयोजनका लागि ३५ दिनसम्म कायम रहने छ । अन्य व्यक्तिमा हक हस्तान्तरण भई पुनः विक्री हुन आएमा वा कित्ताकाट भएको र आ.व. परिवर्तन भएमा छुट्टै सिफारिस पेश गर्नुपर्नेछ ।

१०. अंशबण्डा, अंशभरपाई वा नाता भित्रको बकसपत्र लिखत पारित गर्न आउँदा तोकिए बमोजिमको ढाँचामा उल्लेख भएको नाता प्रमाणित पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

११. सरकारले राजश्व छुट दिनेगरि नीतिगत व्यवस्था गरे बमोजिम छुट दावी गर्ने संघ/संस्था वा अपाङ्ग, दलित, शहिद आदी जस्ता निकाय/ व्यक्तिले लिखत पारित हुनु अगावै आधिकारिक निकायबाट छुट पाउने भनि सिफारिस वा परिचय पत्र पेश गर्नुपर्ने छ ।

१२. कुनै पनि जग्गाधनीले जग्गा विक्री गर्न आउँदा पुँजिगत लाभकर बुझाउनु पर्नेमा यथार्थ विवरण नदेखाई लाभकर छलेमा वा नबुझाएको भन्ने कार्यालयलाई कुनै श्रोतबाट जानकारी हुन आएमा निजको जुनसुकै जग्गा वा सम्पत्ति रोक्का राखी राजश्व रकम असुल उपर गरिने छ ।

१३. थैली अंक कायम गर्दा लेनदेन गरेको मूल्यमा वा न्यूनतम मूल्यमा वा जुनसुकै श्रोतबाट जुन मूल्य बढी देखिन आउँछ, सोही मूल्य कायम गरिने छ ।

१४. लिखतमा घर नखुलाई पारित भएको लिखतबाट पछि घर थियो भनी मालपोत कार्यालयमा दावी गर्न पाइने छैन । लिखतमा घर नदेखाई लिखत पारि गरेको ठहरेमा सम्बन्धित पक्षबाट पारित लिखतको थैली अंकमा घरको मूल्याङ्कन जोडी आर्थिक ऐनले तोके बमोजिम राजश्व तथा घर कायम दस्तुर असुल उपर गरिने छ ।

१५. साविकमा फरक फरक दररेट भएका कित्ताहरु पछि प्लट मिलान गरि कित्ता एकिकरण भै एउटै कित्ता कायम भएको हकमा साविक जुन कित्ताको मूल्याङ्कन बढी छ सोही बमोजिम एकिकृत कित्ताको मूल्याङ्कन कायम गरिने छ ।

१६. साविक गा.वि.स. तथा नगरपालिकाहरुको कुनै भाग हाल कायम गाउँपालिका तथा नगरपालिकामा समावेश भई गाभिएमा सम्बन्धित पालिकाको चारकिल्ला घरबाटो सिफारिस अनुसार नै रजिष्ट्रेशन शुल्क तथा दस्तुर असुल उपर गरिने छ ।

१७. जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा लिखिएका कुराहरुको हकमा यसै मूल्याङ्कन पुस्तिका अनुसार र यसमा उल्लेख हुन नसकेका कुराहरुको हकमा मालपोत ऐन, २०३४ तथा मालपोत नियमावली, २०३६ एंव प्रचलित कानुन बमोजिम हुनेछ।

१८. उल्लेखित न्यूनतम मूल्याङ्कनमा कुनै द्विविधा पर्न गएमा मालपोत कार्यालयबाट समाधान गर्न सकिने छ।